दर्ता नं. ५२३/०५६/०५७

नेफस्कून

“मर्यादित व्यवसाय र प्रविधिमा सहकारी”

व्यवसायीको सहभागितामा सहकारी बजार ! कृषिमा आर्थिक उन्नतीको पूर्वाधार !! समुन्नत राष्ट्रका लागि सहकारी मूल आधार !!!

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.

TARAKARI PHALAFOOL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

## २६ औं वार्षिक साधारण सभा

## प्रतिवेदन पुस्तिका २०८१/२०८२

२०८२ पौष २९ गते मंगलवार

का.म.न.पा. १३, कालिमाटी, काठमाडौं
फोन नं.: ०१-५१२३१२९, ५१२३१८३
Email: tarakariphalfool@gmail.com
Web.: www.tarakariphalfool.coop.np

बल्खु नमद संकलन केन्द्र, सम्पर्क नं: ९८५१३५८७५९

## सल्लाहकार मण्डल


गिता प्रसाद आचार्य


प्रल्हाद भण्डारी


भगवानचन्द्र उप्रेती
वर्ष सदस्य ०७४


भरत प्रसाद खतिवडा


विष्णुप्रसाद रुपाखेती


दिपक अधिकारी

## सञ्चालक समिति


सल्लाहकार
उज्वल कार्की


अध्यक्ष
दुर्गालाल श्रेष्ठ


सचिव
हरिकृष्ण धेके


सञ्चालक सदस्य
राजन प्रसाद पराजुली


सञ्चालक सदस्य
ऋषिराम खतिवडा


सञ्चालक सदस्य
कल्पना कुमारी चौलागाई


सञ्चालक सदस्य
शर्मिला श्रेष्ठ


सञ्चालक सदस्य
बिम्बा छिरिङ्ग दोर्जे थिङ

## लेखा सुपरिवेक्षण समिति पदाधिकारीहरु


संयोजक
कृष्ण प्रसाद आचार्य


सदस्य
पार्वती खकुराल


सदस्य
सुमन श्रेष्ठ




२५औं साधारण सभाको झलक




SEE सम्मान




बालबालिका बिकासत्मक कार्यक्रम




२६औं स्थापना दिवस

## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

## साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ॥

थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ॥

अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ॥

हजार गौंथली र यहाँ करोडौं मौरी बन्नु छ
सँगाली बुंद बुँदले जिन्दगी यो बदल्नु छ ॥

साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ॥

सिद्धान्त हाम्रा अमर रहुन्, स्वप्नद्रष्टा अमर रहुन्
वससुधैव कुटुम्बकम्, आदर्श अमर रहुन् ॥

## संस्थाद्वारा प्रदान गरिने बचत सेवाहरु :

| क्र.स. | बचतका शिर्षक | बचत | |
|---|---|---|---|
| | | न्युनतम | अधिकतम |
| १. | अनिवार्य मासिक बचत | २०० | ५००० |
| २. | साधारण बचत | १०० | ईच्छानुसार |
| ३ | महिला बचत | १०० | ईच्छानुसार |
| ४ | मेघा बचत | १००० | ईच्छानुसार |
| ५ | बाल बचत | १०० | ईच्छानुसार |
| ६ | बाल शैक्षिक बचत | ५०० | ईच्छानुसार |
| ७ | प्रारम्भिक बचत | १०० | ईच्छानुसार |
| ८ | ३ महिने देखी २ वर्षे आवधिक बचत | ५०००० | ईच्छानुसार |
| ९ | विशेष मुद्धती बचत | ५०००० | ईच्छानुसार |
| १० | भाडा बचत | १०० | ईच्छानुसार |
| ११ | भ्रमण, पर्व, गहना बचत | १०० | ईच्छानुसार |
| १२ | सुनौलो बचत योजना | १०० | ५००० |
| १३ | पन्चवर्षिय मासिक बचत | ५०० | १०००० |
| १४ | स्वर्णिम पेन्सन बचत योजना | १०० | ५०० |

## संस्थाद्वारा प्रदान गरिने ऋण सुविधाहरु :

| क्र.स. | ऋणको प्रकार | सिमा | अधिकतम अवधी |
|---|---|---|---|
| १. | आपतकालिन सापटी | २५००० | ७ दिन |
| २. | व्यापार ऋण | १००००० | ३० दिन |
| ३. | वाणिज्य ऋण | २००००० | १ वर्ष सम्म |
| ४. | उद्यमी ऋण | ५००००० | २ वर्ष सम्म |
| ५. | महिला उद्यमी ऋण | ५००००० | २ वर्ष सम्म |
| ६. | व्यवसायिक ऋण | १ करोड ५० लाख, क्षमताको आधारमा | १५ वर्ष सम्म |
| ७. | शैक्षिक ऋण | १ करोड, क्षमताको आधारमा | १५ वर्ष सम्म |
| ८. | घरजग्गा ऋण | १ करोड ५० लाख, क्षमताको आधारमा | १५ वर्ष सम्म |
| ९. | रेभो विजनेश ऋण | ५० लाख, क्षमताको आधारमा | १ वर्ष सम्म |
| १०. | लाईन अफ क्रेडिट | ५० लाख, क्षमताको आधारमा | १ वर्ष सम्म |
| ११. | हायर पर्चेज ऋण | ६० लाख, क्षमताको आधारमा | अधिक्तम ६ वर्ष सम्म |
| १२. | कृषि ऋण | ५००००० | २ वर्ष सम्म |
| १३. | आवधिक बचत धितो ऋण | बचतको ९० प्रतिशत | मुद्दतीको समय अनुरुप |
| १४. | ग्रिन कार्ड होल्डर ऋण | ५००००० | २ वर्ष सम्म |

द.नं. ५२३/०५६-५७

नेफस्कून

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.

## TARAKARI PHALAFOOL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

मिती: २०८२/०८/२८

**प.सं.** ७६/०८२/०८३

**च.नं.** शेयर सदस्य श्री
तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.
कालिमाटी, काठमाण्डौं ।

**विषय : २६ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

उपरोक्त विषयको सम्बन्धमा यस तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि. को मिती २०८२/०८/२८ गते बसेको सञ्चालक समितीको बैठकको निर्णय अनुसार निम्न मिती, स्थान, र समयमा देहायबमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गर्न संस्थाको २६ औं वार्षिक साधारण आह्वान गरिएकोले सम्पूर्ण सदस्य ज्यूहरुलाई उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने प्रस्तावहरु :**

१.संस्थाको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२.लेखा सूपरिवेक्षण समितीको प्रतिवेदन सम्बन्धमा ।
३.आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
४.आ.व. २०८२/०८३ को प्रस्तावित नीति कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५.शेयर लाभांश कोष तथा संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा ।
६.आ.व. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७.संस्थाको आन्तरिक कार्यविधि पारित गर्ने सम्बन्धमा ।
८.सञ्चालक समिती, लेखा सूपरिवेक्षण तथा विभिन्न उपसमितीको भत्ता तथा व्यवस्थापन प्रमुखको सेवा सूविधा सम्बन्धमा ।
९.सञ्चालक समितीको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
१०.निवार्चन सम्बन्धमा ।
११.साधारणसभा निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधी छनौट तथा प्रमाणिकरण सम्बन्धमा ।
१२.विविध ।

**कार्यक्रम हुने मिती, स्थान र समय :**

**मिती:** २०८२/०९/२९ गते
**स्थान:** कालिमाटी ब्याङ्टेट , सोल्टीमोड, काठमाण्डौं
**समय:** बिहान ९:०० बजे ।

दुर्गालाल श्रेष्ठ
अध्यक्ष

फोन नं.: ०१-५१२३१२५, ५१२३१८३
Email: tarakariphalfool@gmail.com
Web.: www.tarakariphalfool.coop.np
का.म.न.पा. १३, कालिमाटी, काठमाडौं

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि. को पाचँ वर्षको वित्तिय आँकडा २०८२




| शेयर पूजी | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ |
|---|---|---|---|---|---|
| | ६,२८,३३,४०० | ६,७१,४६,३०० | ६,९५,०५,३०० | ७,२६,००,१०० | ८,०७,२९,३०० |




| नचत | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ |
|---|---|---|---|---|---|
| | ४३,३९,९२,६२७ | ४१,९५,४०,१२० | ४४,६५,३२,३३४ | ५३,६६,६८,६४६ | ६१,९६,४०,९७९ |




| ऋण लगानी | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ |
|---|---|---|---|---|---|
| | ४२,९०,६३,११५ | ४८,१३,८६,८६७ | ४६,०१,९८,८४२ | ४८,४०,४३,८३४ | ५७,२८,२५,३१२ |




| सदस्य संख्या | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ |
|---|---|---|---|---|---|
| | १७३६ | १९६२ | २०८० | २२५७ | २४९१ |




| संचालन मूनाफा | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८० | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ |
|---|---|---|---|---|---|
| | २,८८,८९,९४० | २,४७,८२,९३१ | ३,५४,०६,२५४ | ३,८७,२१,६९३ | २,०५,८४,१४४ |




| वासलात | आ.व. २०७७।०७८ | आ.व. २०७८।०७९ | आ.व. २०७९।०८ | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ |
|---|---|---|---|---|---|
| | ६०,४०,६४,६६६ | ६१,०६,५५,४६५ | ६६,११,९२,३५७ | ७५,९९,९७,०६३ | ८३,४९,४६,६५० |

# संस्थाको सक्षिप्त परिचय

## पृष्ठभूमी

मिति २०५६ साल माघ २१ गते डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता नं. ५२३ प्राप्त गरी तिस जना कालीमाटी तरकारी बजार भित्र व्यवसायमा आबद्ध सदस्यबाट रु ३१,९०० शेयर पुंजी संकलन गर्दै, स्थापित तथा संचालित भएको तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड आज काठमाडौं महानगरकै अग्रणी सहकारीहरू मध्ये एकका रूपमा स्थापित भएको छ। तरकारी तथा फलफूल व्यवसायीहरूलाई वित्तीय छहारी प्रदान गर्ने र सहकार्य, बचत तथा आत्मनिर्भरता प्रवर्द्धन गर्ने उद्देश्यसहित प्रारम्भ गरिएको यो संस्थाले बचत संकलन, पूँजी निर्माण, उद्यमशीलता तथा सीपमूलक परियोजनामा लगानी गर्दै सदस्यको आर्थिक-सामाजिक उत्थानमा निरन्तर क्रियाशील रहँदै आएको छ।

समयअनुकूल क्रेडिट प्लस (गैर-वित्तीय सेवा) अवधारणालाई व्यवहारमा अपनाउँदै संस्था अझ सदस्यमैत्री, प्रभावकारी र व्यवस्थित बनेको छ। आफ्नो उत्कृष्ट कार्य सम्पादनका लागि संस्थाले क्षेत्रीय उत्कृष्ट करदातादेखि लिएर राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा विभिन्न सम्मान तथा पुरस्कारहरू प्राप्त गरेको छ, जसले सहकारीको पहिचानलाई थप मजबुत बनाएको छ। आर्थिक सुदृढीकरण, सामाजिक उन्नति र सहकारी मूल्यमा आधारित स्वावलम्बी समुदाय निर्माण गर्ने लक्ष्यका साथ, संस्थाले सदस्यका सपना साकार पार्ने र सहकारी क्षेत्रको प्रतिष्ठा उच्च बनाउने दिशामा निरन्तर योगदान गरिरहेको छ।

## संस्थाको चिन्ह र छाप :

दुई गोलाकार चिन्ह भित्र र तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालीमाटी संस्थाको ठेगाना लेखिएको भने तरकारी तथा फलफूलको व्यवसायी माझ वित्तीय छहारीको रूपमा स्थापित संस्था भएकोले भित्र फलफूलको सुन्तलाको दाना र अंगुरको झुप्पा तथा तरकारीको फूलगोभि र मूला अंकित चिन्हलाई दुई हत्केलाले सुरक्षा दिएको तल २०५६ उल्लेखित संस्थाको आधिकारिक चिन्ह हुनेछ। संस्थाको छाप नेपाली अंग्रेजी दुबैमा बनाउन सकिने छ। यसको आकार सानो ठुलो दुबै हुनेछ। संस्थाको दैनीक कार्यमा यसको प्रयोग आधिकारिक मानिनेछ।

## संस्थाको चिन्ह एवं छापको नमूना :

## संस्थाको सक्षिप्त परिचय

| | |
|---|---|
| संस्थाको नाम : | तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| ठेगाना : | काठमाडौं महानगरपालिका वडा नं १३, कालीमाटी तरकारी बजार |
| फोन : | ०१-५१२३१२९, ५१२३१८३ |
| मोबाइल : | ९८५१००६४१५ (अध्यक्ष) Viber /WhatsApp नं: ९८४०१८४२०२ |
| इमेल : | tarakariphalfool@gmail.com |

| | |
|---|---|
| वेभसाईट : | www.tarakariphalfool.coop.np |
| स्थापना मिति : | २०५६/१०/२१ |
| दर्ता नं/ मिति/ जिल्ला : | ५२३/०५६/०५७ |

**नगद सेवा काउन्टर**

| | |
|---|---|
| सेवाकेन्द्रको नामः | बल्खु नगद सेवा काउन्टर |
| ठेगाना : | काठमाडौं महानगरपालिका वडा नं १४, बल्खु तरकारी बजार |
| फोन : | ९८५१३५८७५९ |

**आवद्धता**

यस संस्थालाई स्थानीय स्तरबाट जिल्ला, राष्ट्रिय स्तर सम्म पुऱ्याउने सहकारी छाता संघ/संगठनहरुको नामावली तपशिलमा उल्लेख छ ।

| क्र.स | आवद्ध संघ/संस्था | आवद्ध मिति | सदस्यता नं |
|---|---|---|---|
| १. | राष्ट्रिय सहकारी बैक | २०६१/०४/३१ | १३७ |
| २. | जिल्ला सहकारी संघ लि., काठमाडौं | २०६९/०६/२५ | ४८ |
| ३. | नेपाल बचत तथा ऋण केन्द्रय सहकारी संघ लि.(नेफ्सकून) | २०७२/०५/३१ | २२९५ |
| ४. | काठमाडौ जिल्ला बचत तथा ऋण सहकारी संघ लि.(कास्कून) | २०७६/०६/१० | ६६७ |
| ५. | बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (वागमती प्रोस्कून) | २०७९/०६/३१ | ३७१ |

**परिकल्पना :**

"कृषिउपज खासगरी तरकारी फलफूलका व्यवसायीहरूको हितप्रवर्द्धनको रूपमा सहकारीताको मूल्य र मान्यतामा आधारित एउटा दीगो रूपमा स्थापित सहकारी संस्था"

**व्यवस्थापन :**

संस्थाको विनियम २०५६ (पूर्नलेखन २०८१) को व्यवस्था वमोजिम साधारण सभावाट निर्वाचित ९ जना संचालक सदस्य रहेको सञ्चालक समिति, ३ जना सदस्य रहेको लेखा सुपरिवेक्षण समिति एवं संस्थालाई आवश्यक सल्लाह र सुझाव दिनका लागि सल्लाहकारको व्यवस्था गरिने छ । विभिन्न समयमा आयोजना गरिएको विविध कार्यक्रम एवं संस्थाको निर्धारित लक्ष्य, उद्देश्य र परियोजना सफल बनाउनका लागि विभिन्न उपसमितिहरू गठन गरी कार्य सम्पादन गर्ने गरिएको छ । साप्ताहिक स्वास्थ्य परिक्षणको व्यवस्था गरिएको छ । सहकारी संस्थाको आफ्नै वार्षिक कार्ययोजना र क्यालेन्डर तयार गरी वार्षिक रूपमा सदस्यहरूलाई वितरण गरी ३५० दिन कार्यालय संचालन गर्दै आएको छ ।

**सदस्यता प्रदान :** सहकारीका अन्तराष्ट्रिय ७ सिद्धान्तले प्रतिपादन गरेका पहिलो सिद्धान्त "स्वेच्छिक तथा खुला सदस्यता" लाई ध्यानमा राखी हरेक दिन सदस्यता प्रदान गरिने गरिएको छ ।

**सदस्यता प्राप्ति सम्वन्धी आवश्यक जानकारी :-**

- संस्थाको कार्यक्षेत्र भित्र बसोवास, व्यवसाय गर्ने, तरकारी फलफूल विक्री व्यवसाय गरेको वा तत् सम्वन्धी संघ/संस्था र कार्यालयमा रहेको वा सो सम्वन्धि विशेषज्ञता हासिल गरेको ।

- संस्थाको सेवा उपयोग गर्न चाहने र जिम्मेवारी बहन गर्न स्वीकार गरेको ।
- सदस्यले सिफारिस गरेको व्यक्ति ।
- संस्थाको विनियम, सदस्यता, बचत, ऋण लगायतका अन्य निति नियमहरु स्वीकार गर्न मन्जुर व्यक्ति ।
- एउटै कार्यक्षेत्र भित्र भएको एकै प्रकृतिका सहकारी संस्थाहरुमा सदस्यता नभएको व्यक्ति ।
- कानुनले अयोग्य नठहराएको व्यक्ति ।
- कुनै वित्तिय तथा सहकारी संस्थाको कालो सूचिमा नपरेको व्यक्ति ।
- सदस्य पहिचान फारम अध्यावधिक गर्न तयार हुने व्यक्ति ।
- सदस्य बन्न ईच्छुक व्यक्तिको ४ प्रति फोटो र हकवालाको २ प्रति फोटो र दुवै जनाको नेपाली नागरिकताको प्रतिलिपी बुझाउने ।
- प्रवेश शुल्क एक पटकका लागि रु १०० मात्र फिर्ता नहुने गरी बुझाउनु पर्ने ।
- सदस्यता शुल्क रु १०० मात्र फिर्ता नहुने गरी बुझाउनु पर्ने ।
- दुर्घटना विमा कोष र प्राकृतिक प्रकोप कोषमा वार्षिक रु२०० मात्र फिर्ता नहुने गरी बुझाउनु पर्ने ।
- मासिक बचत, समान रुपमा समान रकम अनिवार्य बचत गर्नपर्ने शर्त स्वीकार गर्ने व्यक्ति ।
- कम्तीमा रु १०० को १ कित्ता शेयर खरिद गरेको (५० कित्तालाई अनुरोध गरिने)

**सदस्यता कायम नरहने**

- मृत्यु भएमा ।
- मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा ।
- फौजदारी अभियोगमा सजाय पाएको ।
- संस्थाको सदस्यतावाट दिएको राजीनामा स्विकृत भएमा ।
- संस्थाको विनियम तथा नीतिपालन नगरेको कारण कारवाही गरी निष्कासन भएमा ।
- संस्थालाई हानीनोक्सानी हुने काम गरेको प्रमाणित भएमा ।
- मासिक बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा ।
- संस्था विघटन भएमा ।

माथि जे सुकै उल्लेख गरेता पनि कुनै सदस्यले संस्थावाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नपर्ने वांकी बक्यौता भुक्तानी गर्न बांकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फवाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यतावाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउने छैन ।


# रेमिट्यान्सका सेवाहरु

**आई.एम.ई रेमिट, आई पे रेमिट, वेष्ट्रन युनियन मनि ट्रान्सफर, हिमाल रेमिट, सिटी रेमिट्यान्स, मनिग्राम लगागतका सेवाहरु उपलब्ध छन् ।**

# तरकारी फलफूलमा सदस्यता किन.......?

**सदस्य सेवा अन्तर्गत**

✓ २५ वर्ष देखि निरन्तर सदस्य सेवामा समर्पित
✓ संस्था स्थापना कालदेखी शेयर लाभाशंमा राम्रो प्रतिफल वितरण गर्न सक्षम
✓ बचत तथा ऋणमा असल कारोवार गर्ने सदस्यलाई कारावारको योगदानको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकम फिर्ता गर्ने व्यवस्था भएको
✓ विहान ७ बजे देखी बेलुका ५ वजे सम्म कारोवार गर्न सकिने
✓ शनिवार तथा अन्य सार्वजनिक विदाका दिन समेत सेवा लिन सकिने
✓ ३६५ दिन डिजिटल कारोबार गर्न सकिने
✓ दैनिक रकम संकलनको लागी घरदैलो सेवा उपलब्ध
✓ सरल एवं सुलभ व्याजदरमा ऋण लगानी गर्ने व्यवस्था
✓ सदस्यहरुको रु १ लाखको दुर्घटना विमा सुनिश्चित गरिएको
✓ प्राणघातक रोग लागेको खण्डमा रु २५ हजार उपचार खर्चको व्यवस्था भएको
✓ मासिक बचतको रकमको आधारमा सदस्य राहत (काजक्रिया खर्च) उपलब्ध गराउने
✓ महिला सदस्य सुत्केरी भत्ता रु ५ हजारको व्यवस्था
✓ जेष्ठ सदस्य (६० वर्ष पुरा) एकल महिला सदस्यलाई बार्षिक रु २ हजार भत्ताको व्यवस्था
✓ सदस्यको छोरा छोरी जो एस.ई.ई मा उत्कृष्ट अंक प्राप्त गर्नेलाई सम्मान गरिने
✓ विप्रेषण (रेमिटन्स) सेवा उपलब्ध
✓ साप्ताहिक निशुल्क स्वास्थय परिक्षण
✓ बाल बचतकर्ताहरुको लागी बौद्धिक मनोरन्जनात्मक कार्यक्रम वार्षिक रुपमा संचालन गरिने
✓ विभिन्न कार्यक्रम, तालिम, भ्रमण लगायत वित्तिय तथा गैर वित्तिय सेवामार्फत सदस्यहरुको आर्थिक तथा सामाजिक स्तरोन्नतीको अवसर प्रदान गरिने

**सवल संस्था र सुरक्षित**

✓ पर्ल्स विश्लेषण अनुपात अनुसार संस्थाको वित्तिय सक्षमता कायम रहेको
✓ १० प्रतिशत भन्दा बढी संस्थागत कोष कायम रहेको
✓ भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम
✓ सहकारीका छाता संगठनहरुमा सहभागीता
✓ स्थिरीकरण कोषमा आबद्धता
✓ ट्याबलेट बैकिङ (बजारबाट बचत संकलनका लागि) सेवा
✓ मोबाइल बैकिङ सेवा
✓ SMS बैकिङ सेवा
✓ QR कोड सेवा
✓ सबै सेवा केन्द्र मार्फत रकम जम्मा तथा भुक्तानीका लागि ABBS सेवा

- ✓ मिस्डकल मोबाइल रिचार्ज सेवा
- ✓ ई-टेलर सेवा
- ✓ क्षेत्रिय उत्कृष्ट करदाताको रुपमा चौथो कर दिवस २०७१/०७२ द्वारा पुरस्कृत, उत्कृष्ट बचत कर्ताको रुपमा पाचँ पटकसम्म राष्ट्रिय सहकारी बैकबाट पुरस्कृत
- ✓ कास्कुन द्वारा उत्कृष्ट साकोस २०७८ द्वारा सम्मानित

**सामाजिक सूरक्षा अर्न्तगत संस्था द्वारा संचालित आर्थिक लाभका कार्यक्रमहरु**

- **सुत्केरी भत्ता**

यस संस्थाका महिला सदस्य सुत्केरी भएमा संस्थाले २ वटा बच्चा सम्म सुत्केरी भत्ता स्वरुप रु ५,०००/- र खुत्रुके सहित नयाँ बाल सदस्यलाई स्वागत गर्ने, सुत्केरी भत्ता सुविधा ।

- **अपाङ्ग बालबालिकालाई छात्रवृत्ति**

सदस्यको छोरा छोरीहरु अपाङ्ग भएमा, उक्त बालबालिकालाई छात्रावृत्ति योजना सहभागीताको लागि अधिकतम ३ बर्ष सम्म वार्षिक रु २००० छात्रवृत्ति सुविधा प्रदान गरिने अपाङ्ग बालबालिकालाई छात्रवृत्ति सुविधा ।

- **जेष्ठ सदस्य भत्ता**

५७ वर्षमा नै सदस्यता लिएर, सदस्य ६० वर्ष पुरा पुगे पछि जेष्ठ सदस्यको रुपमा चिनिन्छ । संस्थाको जेष्ठ सदस्यलाई वार्षिक रु २००० प्रदान गरिने जेष्ठ सदस्य भत्ता सुविधा ।

- **एकल महिला भत्ता**

महिला सदस्यहरु सदस्य भए पश्चात एकल महिला भएमा वा पहिला नै एकल महिला भएमा २ वर्ष पछि मात्र वार्षिक रु २००० प्रदान गरिने एकल महिला भत्ता सुविधा ।

- **उपचार खर्च**

संस्था सदस्यहरुको दुःख सुखको साथी भएकाले सदस्यहरुको जिवनमा आइपर्ने विभिन्न प्रकारका दुःख सुखमा संस्थाले साथ दिने छ। त्यसै क्रममा दिर्घकालिन रोगको सिकारमा सदस्यहरु परेमा रु २५००० सम्म सदस्यलाई आर्थिक राहत प्रदान गर्ने उपचार खर्च सुविधा ।

- **दुर्घटना विमा**

सदस्यता लिए पश्चात प्रत्येक सदस्यको दुर्घटना विमा संस्थाले सुनिश्चित गरेको हुन्छ भने सदस्यको दुर्घटना भई मृत्यु भएमा उक्त सदस्यको परिवारलाई रु १,००,००० को दुर्घटना विमा वापत रकम दुर्घटना विमा सुविधा ।

- **काजकिरिया खर्च**

सदस्यको मृत्यु भएमा निजले ईच्छाएको व्यक्ति वा कानून बमोजिमको हकवालाको हक लाग्ने छ । कानुन बमोजिमको हकवाला र ईच्छाएको व्यक्ति फरक भई तोकिएको समय भित्र दुवै पक्षबाट मृत्यु दर्ताको प्रमाण सहित दावी गर्न आएमा द्वीपक्षीय समझदारी बमोजिम वा अदालती प्रक्रियाबाट टुङ्गो लागेपश्चात मात्र कानुनले तोकेको व्यक्तिको नाममा भुक्तानी दिईनेछ। मासिक बचतमा जति रकम जम्मा भएको छ , उक्त नै रकम किरिया खर्च (भुक्तानी हद रु १०००००) स्वरुप संस्थाले प्रदान गर्ने किरिया खर्च सुविधा ।

संस्था सदस्यहरुको दुःख सुखको साथी भएकाले सदस्यहरुको जिवनमा आइपर्ने विभिन्न प्रकारका दुःख सुखमा सदस्यले नै जम्मा गरेको, दाताले दिएको तथा संस्थाले खर्च लेखेको रकमले सदस्यहरुलाई सहयोग गर्ने उद्देश्यले संस्थाले असल सदस्यज्युहरुलाई माथी उल्लेखित सेवा सुविधा प्रदान गरेको छ । उक्त सेवा सूविधा पाउन संस्थाको मासिक बचत अनिवार्य रुपमा जम्मा गरेको हुनुपर्ने छ ।

## के तपाईले संस्थामा सदस्य बनेकोमा गौरव मान्नु भएको छ ? मान्नु भएको छ भने यि कुराहरुमा ध्यान पुगेको छ त????

- तपाईंको मासिक बचत कतै छुटिरहेको त छैन ?
- लिएको ऋणको किस्ता र व्याज बुझाउन बिर्सनु भएको त छैन ?
- संस्थामा बुझाउनुपर्ने कागजात हराइरहेका वा छुटिरहेछन् कि ?
- जमानी बस्नुभएको सदस्यको भाखा वा किस्ता त नजिकिँदै त छैन ?
- संस्थाले आह्वान गरेको कार्यक्रममा सहभागी हुन छुटिरहेको त छैन ?
- संस्थामा नियमित उपस्थित हुन नपाइरहनुभएको छ कि ?
- कुनै संचालक वा सदस्यबाट संस्थालाई हानी-नोक्सानी हुने गतिविधि भइरहेको त छैन ?
- यथार्थ नबुझी संस्थामाथि गलत आरोप लगाइरहनुभएको त छैन ?
- आफ्नो कर्तव्यलाई पछि पारेर अधिकार मात्र अगाडि सार्ने बानी त बढ्दै छैन ?
- संस्थाबाट सेवा लिन ढिलाइ भएको जस्तो लागिरहेको छ कि ?
- संस्था कसरी सञ्चालन हुँदैछ भन्ने सूचना/जानकारी लिन बिर्सनु भएको छ कि ?
- संस्थालाई अझ सुधार गर्न सकिने लिखित वा मौखिक सुझाव दिन छुटिरहेको छ कि ?
- आवश्यकता अनुसार सदस्य पहिचान फारम भर्न बिर्सनु भएको छ कि ?

---



# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाण्डौको २६ औं बार्षिक साधारण सभामा अध्यक्ष श्री दुर्गालाल श्रेष्ठज्यूद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन २०८१/०८२



श्री दुर्गालाल श्रेष्ठ
अध्यक्ष

**२६ औ बार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू ,**
**आमन्त्रीत अतिथिज्यूहरु, सदस्य महानुभावहरु, सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !**

तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालिमाटी, काठमाण्डौको २६औं वार्षिक साधारण सभाको पावन अवसरमा यहाँहरू सबैलाई हार्दिक स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्दछु। यस गरिमामय सभामा उपस्थित भई कार्यक्रमलाई सफल पार्न सहयोग पुऱ्याउनु भएकोमा संस्थाको तर्फबाट सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, यस २६औं वार्षिक साधारण सभामा संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित महसुस गरिरहेको छु । संस्था सञ्चालनमा निरन्तर अमूल्य सुझाव दिनुहुने सल्लाहकारज्यूहरू, साथ-सहयोग गर्नहुने सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, पूर्व पदाधिकारीहरू, कर्मचारीवर्ग, सदैव क्रियाशील सदस्य महानुभावहरू तथा शुभचिन्तकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

सर्वप्रथम, बचत तथा ऋण सहकारी अभियानका प्रवर्तक जर्मनीका एफ.डब्लु.राइफेजन (F.W. Raiffeisen) प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । सन् १८४९ मा किसान, मजदुर तथा आर्थिक रूपमा कमजोर वर्गलाई साहु-महाजनको चर्को व्याजदरबाट मुक्त गराई सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराउने उद्देश्यले सहकारी अवधारणा विकास भएको हो । नेपालमा सहकारी वि.सं. २०१३ सालमा कानुनी रूपमा स्थापित भएको हो र हाल नेपालको संविधानले नै सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधारका रूपमा स्वीकार गरेको छ । देशको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले सहकारीलाई तीनखम्बे अर्थनीतिमा समेत समावेश गरिएको छ ।

**आदरणिय सदस्य माहानुभावहरु,**

वि.सं. २०५६ साल माघ २१ गते ३० जना सदस्यहरूको सहभागितामा रु. ३१,९०० शेयर पूँजीबाट विधिवत रूपमा दर्ता भई सञ्चालनमा आएको यस सहकारी संस्थाको नवौं कार्यकालका लागि मिति २०७८/०७/२८ को साधारण सभा तथा २०७८ कार्तिक ३० गते सम्पन्न निर्वाचनबाट सर्वसम्मत चार वर्षे अवधिका लागि अध्यक्षको जिम्मेवारी प्राप्त गर्नु मेरो लागि ठूलो सम्मानको विषय हो । यसअघि सञ्चालक तथा सचिवको भूमिकामा कार्य गरिसकेको अनुभवका साथ, यो मेरो अध्यक्षीय नेतृत्वको पहिलो कार्यकालको चौथो वर्ष हो ।

आजको यस सभामार्फत विगत चार वर्षको यात्रातर्फ फर्केर हेर्दा, हाम्रो सहकारीले चुनौती र अवसर दुवैको सामना गर्दै संस्थागत सुधार, वित्तीय सुदृढता र सेवाको गुणस्तरमा उल्लेखनीय प्रगति गरेको स्पष्ट देखिन्छ । २०७८/७९ देखि २०८१/८२ सम्मको यस कार्यकालमा संस्थाले संरचनागत सुधार, वित्तीय आधारको विस्तार, नीतिगत परिमार्जन तथा सेवा प्रवाहको आधुनिकीकरणमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। विशेषतः आर्थिक वर्ष २०८०/८१ मा नयाँ व्यवस्थापकको आगमनपछि प्रविधि क्षेत्रमा सुधार हुँदै डिजिटल प्रणाली सुदृढीकरण, सफ्टवेयर तथा मोबाइल बैंकिङ अद्यावधिक र सदस्य सेवा प्रवाह थप छिटो, सरल र प्रभावकारी बन्न पुगेको छ ।

२०७८/७९ सालको सुरुवाती चरणमा सहकारी क्षेत्रमा विकृति, विसङ्गति र अविश्वासको वातावरण व्यापक रूपमा फैलिएको थियो । विशेषतः कालिमाटी परिसरका धेरै सहकारीहरू तरलता अभाव, भागाभाग र सञ्चालन संकटमा पुगेका कारण सदस्यहरूमा 'अब हाम्रो पनि भाग्छ कि?-' भन्ने गहिरो चिन्ता स्वाभाविक थियो । धेरै सदस्यहरूले आफ्नो बचत सुरक्षित रहने-नरहने भन्ने डरले ठूला रकम फिर्ता माग गरे, नेतृत्वको क्षमता, स्थायित्व र भविष्यप्रतिको विश्वासमा समेत प्रश्न उठे । त्यो समय संस्थालाई जोगाउनु, सदस्यको विश्वास पुनः स्थापित गर्न र कारोबार निरन्तर चलिराख्ने दायित्व एकदमै चुनौतीपूर्ण थियो । हरेक निर्णय सावधानी पूर्वक लिनु पर्ने, सानो गल्तीले पनि ठूलो परिणाम निम्त्याउन सक्ने संवेदनशील अवस्था थियो ।

यद्यपि, सदस्यहरूको निरन्तर साथ र भरोसा, संचालक समितिको संयमित निर्णय, पारदर्शितामूलक वित्तीय व्यवस्थापन र अनुशासित सञ्चालनका कारण हामीले संकटलाई क्रमिक रूपमा सामना गर्यौं । बचत सुरक्षाको विश्वसनीयता कायम गर्दै, सेवा नरोकी निरन्तरता दिदै, विश्वास पुनःस्थापित गर्दै अन्ततः संस्थालाई स्थिर अवस्थामा ल्याउन सफल भयौं । आज त्यही सङ्घर्ष र सामूहिक प्रयासको परिणाम स्वरूप हामी गर्वका साथ यस भव्य २६औं वार्षिक साधारण सभामा उपस्थित छौं ।

यस कार्यकालमा संस्थाको समग्र वित्तीय अवस्था उल्लेखनीय रूपमा सुदृढ भएको छ। आर्थिक वर्ष २०७७/७८ मा रु. ६ करोड २८ लाख ३३ हजार रहेको शेयर पूँजी २०८१/८२ मा वृद्धि भई रु. ८ करोड ०७ लाख २९ हजार पुगेको छ । सोही अवधिमा बचत संकलन रु. ४३ करोड ३९ लाखबाट बढेर रु. ६१ करोड ९६ लाख पुगेको छ भने ऋण लगानी रु. ४२ करोड ९० लाखबाट वृद्धि भई रु. ५७ करोड २८ लाख पुगेको छ। सदस्य संख्या १,७३६ बाट बढेर २,४९१ पुगेको छ। बजार ब्याजदरको उतारचढाव, आर्थिक मन्दी तथा कोभिडपछिको प्रभावका बाबजुद संस्थाले आर्थिक वर्ष २०८१/८२ मा रु. २ करोड ५ लाख खुद नाफा आर्जन गर्न सफल भएको छ। साथै, संस्थाको कुल वासलात रु. ६० करोडबाट बढेर रु. ८३ करोड नाघेको छ, भने हाल २०८२ मंसिर सम्मको वित्तिय विवरण अनुरुप शेयर पुजीँ ८ करोड २७ लाख ७४ हजार, बचत निक्षेप रु ६९ करोड ९ लाख ५९ हजार, ऋण लगानी ६१ करोड ९३ लाख ७८ हजार, सदस्य संख्या २६५३ साथै संस्थाको वासलात ९४ करोड १९ लाख २९ हजार रहेको छ, जसले संस्थाको दीर्घकालीन वित्तीय क्षमता र स्थायित्वलाई स्पष्ट रूपमा देखाउँछ। संस्थाको नाफा-घाटामा शेयर सदस्यहरूको प्रत्यक्ष सहभागिता रहने व्यवस्था अनुरूप, गत दुई वर्षमा संस्थाले सदस्यहरूलाई कुल १५.५ प्रतिशत लाभांश वितरण गर्न सफल भएको छ। यद्यपि, चालु वर्षमा नाफा केही कमी भएको तथा राज्यलाई २० प्रतिशत कर तिर्न पर्ने अवस्थाका कारण ८ प्रतिशत लाभांश वितरण गरिएको छ, जसले संस्थाको वित्तीय सुदृढता, कानुनी दायित्वप्रतिको पालना र सदस्य हितप्रतिको प्रतिबद्धतालाई स्पष्ट रूपमा प्रमाणित गर्दछ।

**उपस्थित महानुभावहरू,**

मेरो अध्यक्षतामा ७ सदस्यीय सञ्चालक समिति तथा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति गठन गरिएको छ। समितिको निर्णयअनुसार कानुनी सल्लाहकार सहित अग्रज तथा सहकारी विज्ञहरूको सल्लाहकार समिति गठन गरिएको छ। ऋण लगानी तथा असुली व्यवस्थापनका लागि ऋण उपसमिति क्रियाशील रहेको छ भने शिक्षा, महिला विकास, बजार विश्लेषण तथा सदस्य विस्तारसम्बन्धी उपसमितिहरू पनि गठन गरी कार्यान्वयनमा ल्याइएको छ। संस्थाले विगतकै निरन्तरतामा बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म तथा सार्वजनिक बिदाका दिनहरूमा पनि बिहान ८ बजेदेखि १२ बजेसम्म सदस्य सेवा प्रदान गर्दै आएको छ। यस अवधिमा सदस्यता विस्तार, बचत संकलन, सामूहिक जमानी तथा घरजग्गा धितोमा ऋण लगानी गर्दै पुराना ऋणहरूको असुलीलाई प्राथमिकताका साथ अघि बढाइएको छ।

यसैगरी, सदस्यहरूको आवश्यकता र बजारको यथार्थलाई ध्यानमा राखी यस कार्यकालमा ऋण नीतिमा महत्वपूर्ण सुधार गरिएको छ। सामूहिक जमानीमा प्रदान गरिने ऋण सीमा रु २ लाखबाट बढाई रु. ५ लाख पुऱ्याइएको छ भने धितो जमानतमा प्रदान गरिने ऋण सीमा रु. १ करोड ५० लाखसम्म विस्तार गरिएको छ । सदस्यहरूको व्यवसायिक तथा जीविकोपार्जन आवश्यकतालाई सम्बोधन गर्न हायर-पर्चेज ऋण सञ्चालनमा ल्याइएको छ । यी नीतिगत सुधारसँगै संस्थाले ऋण लगानीलाई थप सुरक्षित, व्यवस्थित र सदस्य-मैत्री बनाउँदै जोखिम व्यवस्थापन, पारदर्शिता र वित्तीय अनुशासनलाई सुदृढ गर्दै अघि बढेको छ । सदस्यहरुको आवश्यकता परिपूर्ति गर्ने हर कोशिस तरकारी फलफूल साकोसले गरेको हुँदा सदस्यज्युहरुलाई बचत रकम जम्मा मात्र गर्न नभई ऋणको लागि पनि खुल्ला रुपले तरकारी फलफूल साकोसलाई सम्झन हुन विशेष अनुरोध गर्दछु ।

यस अवधिमा संस्थागत सुशासन सुदृढ गर्न विनियम पुनर्लेखन, आन्तरिक कार्यविधि तथा सम्पत्ति शुद्धिकरण सम्बन्धी नीतिहरू अद्यावधिक गरिएका छन । डिजिटल सहकारी अवधारणालाई आत्मसात गर्दै ट्याबलेट बैंकिङ, मोबाइल बैंकिङ, QR सेवा, डिजिटल भुक्तानी प्रणाली, सबै सेवा केन्द्र मार्फत रकम जम्मा तथा भुक्तानीका लागि ABBS सेवा, मिस्डकल मोबाइल रिचार्ज सेवा, मिस्डकल मिनी स्टेटमेन्ट सेवा, ई-टेलर सेवा, Kalimati Rent भुक्तानी, ऋण तथा कर्मचारी व्यवस्थापन प्रणाली र आधिकारिक वेबसाइट अद्यावधिक गरी संस्थालाई आधुनिक सहकारीको रूपमा स्थापित गरिएको छ। साथै, स्वास्थ्य सेवा, शैक्षिक सम्मान, बाल बचत प्रोत्साहन, उपचार सहयोग, क्रियापुत्री भेटघाट, दुर्घटना बीमा, सामाजिक कार्यक्रम तथा राष्ट्रिय-अन्तराष्ट्रिय सहकारी दिवस सहभागिताले संस्थाको सामाजिक उत्तरदायित्व अझ मजबुत भएको छ।

**सदस्य महानुभावहरु,**

संस्थाको आर्थिक सुरक्षाको लागि मार्गस्थ, काउन्टर र भल्टको विमा गरि निरन्तरता दिइएको छ भने सुरक्षा गार्डको व्यवस्थाका साथै CC camera जडान गरी कार्यालयको सुरक्षा अपनाईएको छ । आजको २६ औं वार्षिक साधारणसभा मनाइरहदा सम्म सहकारी संस्थाले धेरै आरोह अवरोहको सामना गर्नुपऱ्यो, संस्था आगलागी, भुकम्प, कोभिड महामारी जस्ता विपत्तीहरुको सामना गर्नुपऱ्यो। तथापी विगतका वर्षहरुमा यस संस्थाले राष्ट्रिय सहकारी बैंक, कर कार्यालय, वर्ल्ड बुक रेकर्ड यूके, आइएमई रेमिट आदि संघ संस्थावाट कारोवारको आधारमा पुरस्कृत हुने अवसर प्राप्त गरेको कुरा स्मरण गराउन चाहन्छु, साथै राष्ट्रिय सहकारी बैकले शाखा स्तरिय नियमित कारोवार विधामा पुरस्कार घोषणा गरेको स्मरण गराउन चाहन्छु। संस्थावाट आवश्यक ऋण रकम प्रदान, बचतमा व्याज प्रदानवाट सदस्यहरुको आर्थिक देखि लिएर सामाजिक स्तर पनि बृद्धि भएको छ। साथै सहकारी संस्थाको सेवा विस्तार, कार्यक्षेत्र विस्तार गरी संस्थाको दायरा अझै फराकिलो बनाउने लक्ष्य एवं उल्लेख्य सदस्यता बृद्धि गर्ने लक्ष्य लिईएको छ।

**सदस्य महानुभावहरु,**

सहकारी ऐन २०७४ आए सँगै एक सदस्य एक सहकारी निति कार्यान्वयनमा आएको छ त्यसैगरी सम्वन्धित निकायले दोहोरो सदस्यता र ऋणी पहिचानका लागि सदस्य सूचना प्रणाली लागू गरेको हुँदा सोही अनुरुप KYM (Know Your Member) फारम भरी सदस्यहरुको विवरण अध्यावधिक गरी सम्वन्धित सहकारी निकायमा पठाइएको र COPOMIS मा समेत प्रविष्टि गरिसकिएकोले अझ बाँकी सदस्यहरुले आफ्नो विवरण अनिवार्य आध्यावधिक गर्न पूनः म अनुरोध गर्दछु। त्यसैगरी सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धि आन्तरिक कार्यविधि निर्माण गरी सोही अनुरुप सदस्यसँगको कारोवार पनि गो.एम.एल, वेव मार्फत नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईमा नियमित पेश गर्ने गरिएको छ।

**सदस्य महानुभावहरु,**

सहकारीले बजार अवस्था, तरलता स्थिति तथा लागत संरचनालाई ध्यानमा राखी समय-सापेक्ष रूपमा बचत तथा ऋणको ब्याजदरमा आवश्यक परिमार्जन गर्दै आएको छ। यस क्रममा संस्थाले सदैव सदस्य-मैत्री नीति अवलम्बन गर्दै स्प्रेड रेट अधिकतम ६ प्रतिशतभित्र सीमित राखी वित्तीय सन्तुलन र प्रतिस्पर्धात्मकता कायम गरेको छ। यसले एकातर्फ सदस्यहरूलाई सहुलियतपूर्ण सेवा प्रदान गरेको छ भने अर्कोतर्फ संस्थाको जोखिम व्यवस्थापन र दिगोपनलाई समेत सुनिश्चित गरेको छ।

हाल संस्थाको नजिकै अत्यन्त ठूलो आकारको सहकारी संस्था स्थापना हुने देखिएको सन्दर्भमा, दीर्घकालीन संस्थागत सुदृढीकरण, सेवा विस्तार र पहिचान मजबुत बनाउनका लागि सहकारीको आफ्नै उपयुक्त स्थानमा जग्गा वा भवन खरिद अपरिहार्य बन्दै गएको छ। यस महत्वपूर्ण दीर्घकालीन लगानीका लागि सदस्यज्यूहरूबाट आवश्यक साथ, सहयोग र सकारात्मक सहभागिताको अपेक्षा गर्दै, सहकारीलाई अझ बलियो, आत्मनिर्भर र प्रतिस्पर्धी संस्थाको रूपमा अगाडि बढाउन सबैको साझा प्रतिबद्धता आवश्यक रहेको धारणा व्यक्त गर्न चाहन्छु।

**सदस्य महानुभावहरु,** यो आर्थिक वर्ष हाम्रो कार्यसमितिको अन्तिम वर्ष पनि हो र यही वर्षमा सहकारीको चुनाबी साधारण सभा आयोजना हुँदैछ। यस अवधिमा सदस्यहरूले दिनुभएको विश्वास, साथ र सहयोगकै कारण चुनौतीपूर्ण परिस्थितिमा पनि संस्थालाई स्थायित्व, सुशासन र प्रगतितर्फ डोऱ्याउन सफल भएको छु भन्ने आत्मसन्तोष लिएको छु। आगामी नेतृत्व चयन प्रक्रियामा सहकारीको मूल्य, विधि र दीर्घकालीन हितलाई केन्द्रमा राखी सक्षम, इमानदार र उत्तरदायी नेतृत्व चयन हुनेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु। संस्थाको निरन्तर उन्नति र सदस्य हितका लागि जुनसुकै भूमिकामा रहेर पनि सहयोग र सद्भाव कायम रहने प्रतिबद्धता व्यक्त गर्दै, सम्पूर्ण सदस्य महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

**अन्त्यमा,** यस वर्ष दिवंगत हुनुभएका हाम्रा शेयर सदस्यहरू–विष्णु बास्कोटा, सानुमाया थापा, पार्वती पौडेल, शंकर प्रसाद भट्टराई, भोजकुमारी खनाल, कान्छी श्रेष्ठ, पुटीमाया शेर्पा, मदुसुदन अधिकारी, सुष्मा श्रेष्ठ, गीता देवी बराल, चन्द्रकान्त पाण्डे, राजेन्द्र प्रसाद कानु तथा राजु प्रसाद उप्रेती–प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दा मृत आत्मूहरूको चिर शान्तिको कामना गर्दछु।

संस्थाको अध्यक्षको जिम्मेवारी प्रदान गरी प्रतिनिधित्व गराउनुभएकोमा सम्पूर्ण सदस्य महानुभावहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी वर्ग तथा सम्बन्धित सबै पक्षप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा पनि पारदर्शिता, सुशासन र सदस्य हितलाई केन्द्रमा राखी सहकारीलाई अझ सशक्त, उत्तरदायी र दिगो संस्थाको रूपमा अगाडि बढाउने विश्वासका साथ, यहाँहरू सबैको निरन्तर साथ, सुझाव र सहयोगको अपेक्षा गर्दछु।

अन्त्यमा, संस्थाको दिगो विकास र सेवा विस्तारका लागि अब आफ्नै कार्यालय भवन खरिद वा निर्माण गर्न अत्यावश्यक भइसकेको छ। वरपरका सहकारीहरू अबौं पुँजीसहित भौतिक संरचना निर्माण गर्दै अघि बढिरहेका अवस्थामा, हाम्रो संस्थाले पनि यो कदम अघि सार्नपर्ने समय आएको छ। आगामी नयाँ कार्यसमितिले भवन आयोजना र दीर्घकालीन पूर्वाधार विकासलाई प्राथमिकतामा राखी सहकारीलाई अझ सबल र प्रतिस्पर्धी बनाओस भन्ने हार्दिक अपेक्षा सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८२ साल, पौष २९ गते मङ्लबार
कालिमाटी व्याङ्क्वेट, सोल्टीमोड, काठमाडौं।

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाण्डौको २६ औं बार्षिक साधारण सभामा सदस्य सचिव श्री हरिकृष्ण धेकेद्वारा प्रस्तुत संस्थाको प्रगति, कार्यक्रम तथा बजेट २०८२/८३



**श्री हरिकृष्ण धेके**
**सचिव**

**सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू ,**
**अतिथिगण, सदस्य महानुभावहरु, सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा स्वागत एवं सहकारिताको न्यानो अभिवादन**

**आदरणीय सदस्य महानुभावहरु,**

वि.सं. २०५६ सालमा स्थापना भई निरन्तर सञ्चालनमा रहेको तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्थाको २६औं वार्षिक साधारण सभामा संस्थाको सचिवका रूपमा प्रतिवेदन प्रस्तुत गर्ने अवसर प्राप्त गर्न मेरा लागि गर्वको विषय हो। नेपालको सहकारी आन्दोलन २०१३ सालमा चितवनको बखान ऋण सहकारीबाट औपचारिक रूपमा प्रारम्भ भएको इतिहासका बीच, हामीले २०५६ सालमा यो सहकारी स्थापना गरी संगठित रूपमा सहकारी अभियानमा सहभागी हुने अवसर प्राप्त गर्‍यौं। सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई मार्गदर्शनका रूपमा स्वीकार गर्दै संस्थाले मानव संसाधनको क्षमता विकास, सदस्यहरूको सक्रिय सहभागिता तथा नेतृत्व विकासलाई मुख्य आधार मान्दै निरन्तर प्रगतिशील यात्रा तय गरेको छ।

सदस्य हित प्रवर्द्धन तथा संस्थागत विकासलाई लक्षित गर्दै आवश्यक नीतिहरू निर्माण गर्दै कार्यक्रम सञ्चालन गरिएकाले संस्थाको समग्र प्रगति उल्लेखनीय रूपमा देखिन आएको छ। यसले सदस्यहरूको आर्थिक जीवनस्तर उकास्नुका साथै सहकारी प्रतिको विश्वास र लोकप्रियता पनि थप मजबूत बनेको छ। वित्तीय रूपमा सक्षम, आयआर्जनमा सहयोगी, सामाजिक उत्तरदायित्वमा सक्रिय तथा सांस्कृतिक रूपान्तरणमा अभिभावक भूमिका निर्वाह गरिरहेकाले सहकारीलाई अझ मजबुत बनाउन हामी सबैको साझा प्रतिबद्धता आवश्यक रहेको प्रष्ट देखिन्छ। यस सन्दर्भमा, शंका, तिरस्कार र भावनात्मक आवेगभन्दा माथि उठेर साझा हितलाई अँगाल्नु नै सबै सदस्यको हितमा रहनेछ भन्ने आग्रह गर्न चाहन्छु।

हाल सहकारी क्षेत्रका लागि जारी भएका नयाँ ऐन, नियमावली, नीतिहरू, निर्देशिका तथा परिपत्रहरूलाई मार्गदर्शनका रूपमा स्वीकार गर्दै संस्थाले दिगो र उत्तरदायी व्यवस्थापनतर्फ अघि बढी रहेको छ। सहकारी क्षेत्रमा व्याजदर सम्बन्धी देखिएको अव्यवस्थित वातावरणलाई नियन्त्रण गर्ने उद्देश्य सहित तोकिएको सन्दर्भ व्याजदरले देशभर प्रभाव पारेको भए पनि हाम्रो सहकारीले स्थापना कालदेखि नै ऋणमा १५% भन्दा बढी व्याजदर लागु नगरेको, बचत र ऋण व्याजदर बीच ६% भन्दा बढी अन्तर नराखेको तथा भाखा नाघेका ऋणका लागि पूर्ण जोखिम कोष व्यवस्था गर्दै त्यो अनुपात ५% भन्दा कम राख्न सफल भएको तथ्य स्वयंमा सहकारीको उल्लेखनीय इतिहास र गौरवशाली उपलब्धि हो।

**उपस्थित सदस्य महानुभावहरु !**

हाम्रो सञ्चालक समिति २०७८ कार्तिक २८ को साधारण सभा र ३० गतेको निर्वाचनवाट सर्वसम्मत चुनिएर

सचिवको जिम्मेवारी पाएको हु भने सहकारीमा मेरो समितिमा रहेको पहिलो अनुभवको चौथो वर्ष हो । सर्वसम्मत्त निर्वाचित गराएर संस्थाको महत्वपूर्ण जिम्मेवारी सुम्पिनुभएकोमा सवै सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**उपस्थित सदस्य महानुभावहरु !**

यस कार्यकालमा संस्थाको आर्थिक क्षमता सुदृढ बनाउने लक्ष्य सहित कार्यसमितिले अवलम्बन गरेको नीतिगत प्रतिबद्धता, व्यवस्थापनको सक्रियता तथा सदस्यहरूको विश्वासपूर्ण सहभागिताका कारण संस्थाको समग्र वित्तीय सूचकहरू उत्साहजनक रूपमा उक्लिएका छन । आर्थिक वर्ष २०७७/७८ मा रहेको रु ६ करोड २८ लाख ३३ हजार शेयर पूँजी वृद्धि हुँदै २०८१/८२ सम्म आइपुग्दा रु ८ करोड ०७ लाख २९ हजार पुगेको तथ्य संस्थाको विस्तार र सदस्यको आस्थाको स्पष्ट संकेत हो । साथै सो अवधिमा बचत संकलन रु ४३ करोड ३९ लाखबाट रु ६१ करोड ९६ लाख मा उक्लिएको छ भने ऋण लगानी रु ४२ करोड ९० लाखबाट बढेर रु ५७ करोड २८ लाख पुगेको छ । सदस्य संख्या पनि १,७३६ बाट २,४९१ सम्म विस्तार भएको देखिन्छ । आर्थिक मन्दी, ब्याजदर उतार-चढाव तथा कोभिडपछिका चुनौतीहरूका बीच संस्थाले २०८१/८२ मा रु २ करोड ५ लाख खुद नाफा आर्जन गर्न सक्नु व्यवस्थापन तथा कार्यसमितिको दूरदृष्टि, जोखिम व्यवस्थापन र वित्तीय अनुशासनको उपलब्धि हो । ०८०/८१ मा व्यवस्थापक परिवर्तन हुँदा संस्थाको वासलात लगभग रु ६७ करोडको दायरा रहेकोमा कार्यकालको निरन्तर सुधार यात्राबाट ९४ करोड नाघ्नु संस्थाको स्थायित्व, अनुशासित सञ्चालन र भविष्यप्रतिको विश्वसनीय क्षमता हो ।

सचिवका रूपमा म यस उपलब्धिमा गर्व अनुभव गर्दछु, साथै आगामी वर्षहरूमा नीतिगत सुधार, डिजिटलाइजेसन, जोखिम व्यवस्थापन तथा व्यवसाय विस्तारमा अझ व्यवस्थित ढङ्गले अगाडि बढ्नेछौँ भन्ने आत्मविश्वास व्यक्त गर्दछु। यसैगरी, व्यवस्थापनको पाटोमा तपशिल बमोजिमको व्यवस्थाहरु संस्थामा भएको कुरा जानकारी गराउन चाहान्छु ।

**१. कार्यालय व्यवस्थापन :**

यस कार्यकालमा संस्थाको सुशासन, पारदर्शिता र प्रभावकारी सञ्चालनलाई प्राथमिकतामा राख्दै विविध महत्वपूर्ण संरचनात्मक तथा व्यवस्थापकीय कार्यहरू सम्पन्न गरिएको छ । सर्वप्रथम, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका बैठकहरूलाई छुट्टै आयोजना गरी निर्णय प्रक्रियालाई स्पष्ट, उत्तरदायी र विधिसम्मत बनाइएको छ। साथै, सल्लाहकारहरूको मनोनयन गरी सल्लाहकार समितिको गठन मार्फत आवश्यक परामर्श र मार्गदर्शन प्राप्त गर्ने व्यवस्था संस्थागत रूपमा लागू गरिएको छ । ऋण लगानीका विषयमा नीतिअनुरूप निर्णय गर्नका लागि ऋण उप-समितिका बैठकहरू नियमित रूपमा सञ्चालन गरिएका छन् भने सदस्यको क्षमता विकास र सचेतनाका लागि शिक्षा उप-समितिको गठन गरिएको छ ।

संस्थामा आवश्यक जनशक्ति व्यवस्थापनका क्रममा व्यवस्थापकको पदस्थापन सहित उहाँको मातहतमा १७ जना कर्मचारीको संरचना कायम गरी कार्यप्रवाहलाई व्यवस्थित बनाइएको छ । सहकारीको आवश्यक सामग्री खरिद, मर्मत-सम्भार तथा भौतिक व्यवस्थापन नियमित रूपमा सम्पन्न गरिएको छ । हाल संस्थाले प्रधान कार्यालय बजार विकास समितिको बहुउद्देश्यीय भवनमा भाडाको कार्यालय मार्फत सेवा सञ्चालन गर्दै आएको छ । कार्यसमितिको मासिक बैठकलाई व्यवस्थित, नतिजामुखी र शास्त्रीय बनाउन बैठक सञ्चालन विधि तयार गरी व्यवहारमा ल्याइएको छ । सम्पत्ति शुद्धिकरण निवारण ऐनको निर्देशनअनुसार आवश्यक कर्मचारी तोकिई सदस्य पहिचान (KYM), सीमा तथा शंकास्पद कारोबारको रिपोर्ट सम्बन्धित निकायमा समयमै पठाइने व्यवस्था लागू गरिएको छ । कर्मचारीको आचारसंहिता तथा कार्यविवरणलाई दस्तावेजीकरण गरी वितरण गरिएको छ, जसको आधारमा जिम्मेवारी र उत्तरदायित्व स्पष्ट गरिएको छ । उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने तथा नियम विपरीत कार्य गर्ने कर्मचारीलाई

कारबाहीको व्यवस्था लागू गरी उत्तरदायी कर्मचारी व्यवस्थापन संस्कृति स्थापित गरिएको छ ।

बल्खुमा रहेका सदस्यहरूलाई सेवा पहुँच बिस्तार गर्ने उदेश्यले बल्खु नगद संकलन केन्द्र मार्फत कारोवारलाई निरन्तरता दिइएको छ । सहकारीको राजस्व दाखिला तथा नियमनकारी निकायहरूमा बुझाउनु पर्ने प्रतिवेदन तथा विवरणहरू निर्धारित समयमै प्रस्तुत गरिएको छ । साथै, सहकारीका सेवामा आधुनिकीकरण र प्रविधिकरणलाई मुख्य प्राथमिकता दिँदै विद्युतिय (डिजिटल) माध्यमबाट कार्य सञ्चालन व्यवस्था सुरु गरिएको छ, जसले तरकारी फलफूल सहकारीलाई प्रविधिमैत्री, आधुनिक र समयानुकूल सहकारीको रूपमा अगाडि बढाइएको छ ।

**२. कर्मचारी व्यवस्थापनको व्यवस्था :**

आ.व २०७८/०७९ मा सहकारी ऐन २०७४ अनुसार कार्यकारी भूमिका सञ्चालक समितिबाट कर्मचारीतर्फ हस्तान्तरण गर्दै दैनिक प्रशासनिक तथा वित्तीय सञ्चालन व्यवस्थापकको नेतृत्वमा अघि बढाइएको छ । कर्मचारीको अवकाश तथा राजीनामा पश्चात पदपूर्ति गरिँदै आएको छ भने तह र आवश्यकता अनुसार तालीम, एवं कार्यक्रममा सहभागिताको अवसर पनि प्रदान गरिएको छ । आ.व. २०८०/८१ देखि नयाँ व्यवस्थापक सहित नयाँ नेतृत्व र प्रविधिमैत्री प्रणाली (MIS र मोबाइल बैंकिङ, कागजी अभिलेख डिजिटलकरण) लागू भई कार्यालय सञ्चालनमा अनुशासन, पारदर्शिता तथा सेवा प्रभावशीलता बढेको छ ।

यस वर्ष कर्मचारीहरुले तपशिलको तालिम एवं उत्प्रेरणा प्राप्त गरेका छन् ।

| क्र.स | सहभागिको नाम | तालिमको नाम | मिति | कैफियत |
|---|---|---|---|---|
| १. | सोनिया भट्ट | Front Desk Employee Capacity Building Training by NCBL | २०८१ फागुन १२ | सदस्य सम्बन्ध विकास तालिम |
| २. | सृष्टी श्रेष्ठ र किशोर पौडेल | NFRS Training by NCBL | २०८१ चैत्र ०४ देखी ०५ गते | लेखाको क्षमता बृद्धि |
| ३. | तरकारी फलफूल साकोसका सम्पूर्ण कर्मचारी | सम्पूर्ण कर्मचारी पूर्नताजगी | २०८१ चैत्र ८ र ९ गते | कर्मचारीलाई पूनर्वल प्रदान |
| ४. | तरकारी फलफूल साकोसका सञ्चालक, लेखा, उपसमिति तथा कर्मचारी | समिति , उपसमिति क्षमता अभिबृद्धि तालिम | २०८२ जेष्ठ १३ देखी २३ गते सम्म | Public Speaking and Mass Communication |

**आर्थिक वर्ष ०८१/०८२ मा देहाय अनुसारका १७ जना कर्मचारीहरु कार्यरत छन् ।**

- १ जना व्यवस्थापक
- २ जना अधिकृत
- १ जना वरिष्ठ सहायक
- ३ जना सहायक
- ८ जना कनिष्ठ सहायक
- १ जना कार्यलय सहयोगी
- १ जना सुरक्षा गार्ड

**३. सदस्य शिक्षा कार्यक्रम :**

यस कार्यकालमा सदस्य शिक्षा कार्यक्रमलाई सहकारी विकासको आधार स्तम्भका रूपमा स्थापित गर्दै शिक्षा उपसमितिको नेतृत्व र संयोजकको पहलमा विभिन्न कार्यक्रमहरू निरन्तर, योजनाबद्ध र परिणाममुखी ढङ्गले सञ्चालन गरिएको छ । व्यवस्थापकको दूरदर्शी सोच विचार, डिजिटल प्रविधिको उपयोग तथा सक्रिय व्यवस्थापन सहभागिताले कार्यक्रमहरू व्यवस्थित रूपले अघि बढ्दै सहकारीका मूलभावना– सहभागिता, समानता, पारदर्शिता र सामूहिक समृद्धिलाई व्यवहारमा उतार्ने उद्देश्यले डिजिटलकरण मार्फत अनलाइन तथा प्रत्यक्ष दुवै माध्यमबाट निरन्तर सदस्य शिक्षा तथा सूचना प्रदान गरिएको छ ।

यस कार्यकलमा बाल सदस्य, महिला, युवा तथा ज्येष्ठ सदस्य सबैलाई समेटेर सहकारी बारे जानकारी, बचत गर्ने बानी, वित्तीय शिष्टाचार, नेतृत्व क्षमता र सहभागिता बढाउने लक्ष्यसहित विभिन्न कार्यक्रम आयोजना भएको छ। बाल सदस्यका लागि हरेक वर्ष बनभोज कार्यक्रम आयोजना गरिदै आएको छ साथै बाल हाजिर जवाफ प्रतियोगिताले सिकाइ, सहभागिता र प्रतिस्पर्धाको उत्साह बढाइएको छ। जनप्रभात माध्यमिक विद्यालयका नर्सरीदेखि कक्षा १० सम्मका छात्रछात्रालाई कापी-कलम र अध्ययन सामग्री वितरण गरिएको छ। कक्षा ९-१० का विद्यार्थी भाईबहिनीहरुका लागि एक दिने विशेष विकासात्मक कार्यक्रममा विशेष सत्र मार्फत नेतृत्व, व्यवहार मनोविज्ञान, जीवन कौशल र समूहमा काम गर्ने विकासात्मक तालिम प्रदान गरिएको छ ।

युवा पुस्तामा सहकारीप्रतिको आकर्षण बढाउन आयोजित युवाभिमुख मैत्रीपूर्ण फूटसल प्रतियोगिताले युवा सदस्यहरु विच सद्भाव, ऊर्जा र सकारात्मक नेतृत्वमा भावना विकासमा मद्दत पुग्ने अपेक्षा राखिएको छ । महिला सदस्यको आर्थिक निर्णय क्षमता र स्वास्थ्य सचेतना बढाउन महिला तालिम, मनोरञ्जनात्मक कार्यक्रम, चाडपर्व शुभकामना कार्यक्रम र निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ। ज्येष्ठ सदस्यहरूको मनोबल र सम्बन्ध सुदृढीकरणका लागि तीर्थाटन भ्रमण कार्यक्रम आयोजना गरिएको छ। सदस्यहरूको अवलोकन, तुलना र सिकाइ विस्तार गर्न सहकारी अवलोकन भ्रमण गरिएको छ, जहाँ नयाँ अभ्यास र व्यवस्थापन शैलीको प्रत्यक्ष अध्ययन लिने अवसर प्रदान भएको हो । सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम मार्फत समुदायमा सहकारीको उपस्थिति तथा योगदानको कार्य गरिएको छ । कार्यसमिति तथा पदाधिकारीका लागि क्षमता अभिबृद्धि तालिम, सदस्य शिक्षा तथा युवा वित्तीय साक्षरता कार्यक्रमले आर्थिक सोच, बजेट योजना र बचत बानीमा सकारात्मक सोचमा परिवर्तन ल्याइएको छ ।

अन्तत : शिक्षा उपसमितिको जिम्मेवार नेतृत्व, व्यवस्थापकको समर्पण र डिजिटल कार्यशैलीको संयोजनले यी सबै कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न सम्भव भएको छ। यसले सदस्यको सहभागिता, विश्वास र सहकारी संस्कारलाई अझ बलियो बनाइएको छ, जुन यो कार्यकालको महत्वपूर्ण उपलब्धि भएको छ ।

**यस आ.व मा सदस्य केन्द्रित कार्यक्रमहरु :**

| क.स | मिति | कार्यक्रमको नाम | लक्षित सदस्य | कैफियत |
|---|---|---|---|---|
| १ | २०८१/०४/२६ | बाल शैक्षिक योजना खुत्रुके खोल्ने कार्यक्रम | बाल सदस्य | त्रैमासिक कार्यक्रम |
| २ | २०८१/०५/१५ | सहकारी शिक्षा | महिला सदस्य | सदस्य सहकारी शिक्षा तथा हरि तालिका तिज शुभकामना आदानप्रदान कार्यक्रम |
| ३ | २०८१/०६/२२ | निशुल्क स्वास्थय शिविर | सदस्य | २०८१ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत ११४५ र छठ पर्वको अवसरमा |
| ४ | २०८१/०७/२४ | बाल शैक्षिक योजना खुत्रुके खोल्ने कार्यक्रम | बाल सदस्य | त्रैमासिक कार्यक्रम |
| ५ | २०८१/०९/१७ | विस्तारित मञ्च | सदस्य | २५औ वार्षिक साधारण सभा विशेष |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८१/०९/२१ | २५औं वार्षिक साधारण सभा | सदस्य | २५औं वार्षिक साधारण सभा |
| ७ | २०८१/१०/२१ | २६औं स्थापना दिवस | सदस्य | २६औं स्थापना दिवस विशेष |
| ८ | २०८१/११/०७ | बाल शैक्षिक योजना खुत्रुके खोल्ने कार्यक्रम | बाल सदस्य | त्रैमासिक कार्यक्रम |
| ९ | २०८१/११/१७ र १८ गते | जेष्ठ सदस्य तिर्थ यात्रा कार्यक्रम | जेष्ठ एवं एकल सदस्य | २६औं स्थापना दिवस विशेष |
| १० | २०८१/१२/३० | बालबचतकर्ता रमाईलो वनभोज कार्यक्रम | बाल बचतकर्ताहरु ५ देखी १५ वर्ष उमेर समूह | वनभोज |
| ११ | २०८२/०१/२६ | सहकारी ऋण अर्न्तरक्रिया कार्यक्रम | ऋणी सदस्य | वित्तिय साक्षरता कार्यक्रम |

**४.ऋण प्रकृया सम्बन्धी व्यवस्था**

यस संस्थाले ऋण लगानीका क्षेत्रमा सदस्यलाई सामूहिक जमानी तथा घर-जग्गा धितोमा आधारित ऋण सुविधा प्रदान गर्दै आएको छ। ऋण लगानी व्यवस्थापनको लागि ऋण उप-समिति गठन भई सक्रिय रूपमा कार्यरत रहेको छ। ऋण कार्यक्रमलाई उद्देश्यपूर्ण बनाउने क्रममा उद्यमी तथा महिला उद्यमी ऋणलाई वर्गीकृत गरी लचकता अपनाइएको छ। साथै सबै ऋणमा एक प्रतिशत सेवा शुल्क लागू गरिएको छ।

प्राथमिक पूँजीकोषको आधारमा ऋण लगानी सीमा अधिकतम एक करोड पचास लाख तोकिएको छ। विनियम पुनलेखन पछि ऋण उप-समितिको कार्यकाल एक वर्षको मात्र हुने व्यवस्था गरिएको छ। ऋण स्वीकृतिको अधिकार विभाजन गर्दा सामूहिक जमानी ऋणमध्ये एक लाखसम्म व्यवस्थापकबाट, पाँच लाखसम्म अध्यक्षबाट तथा धितो जमानतको ऋण २५ लाखसम्म व्यवस्थापन समूहबाट स्वीकृत हुने व्यवस्था गरिएको छ। सोभन्दा माथिका रकमहरू ऋण उप-समिति तथा संचालक समितिको निर्णयबाट स्वीकृत हुने प्रणाली स्थापित गरिएको छ। कृषि ऋणमा दुई प्रतिशत ब्याज छुट तथा तीन महिनाको ग्रेस अवधि राखिएको छ भने शैक्षिक ऋणमा छ महिनाको ग्रेस अवधि व्यवस्था गरिएको छ। ऋणको ब्याजदर बजार अध्ययन र लागत विश्लेषणका आधारमा सदस्यलाई सहुलियत हुने गरी निर्धारण गरिएको छ। ऋण आवेदनका लागि शेयर अनिवार्यताको व्यवस्थाअनुसार न्यूनतम २५० कित्ता शेयर अनिवार्य गरिएको छ। सामूहिक जमानीमा दुईदेखि पाँच लाखसम्मको ऋणका लागि ५०० कित्ता शेयर र धितो जमानतमा ५० लाखसम्म ५०० कित्ता तथा ५० लाखभन्दा माथिका ऋणका लागि १००० कित्ता शेयर अनिवार्य गरिएको छ। धितो मूल्याङ्कनमा १० लाखभन्दा माथिका सम्पत्तिको मूल्याङ्कन प्राविधिकबाट गराइने र घर-जग्गा निरीक्षण कार्यालयका पदाधिकारी तथा कर्मचारीद्वारा अनिवार्य रूपमा गरिने व्यवस्था गरिएको छ। प्राविधिक मूल्याङ्कन शुल्क सदस्य स्वयंले व्यहोर्ने तर निरीक्षणका क्रममा लाग्ने यातायात खर्च कार्यालयले व्यवस्था गर्ने नीति कार्यान्वयनमा ल्याइएको छ। सापटी बाहेक सबै ऋण किस्ताबन्दीमा लगानी गरिने र किस्ता नबुझाइमा अतिरिक्त ब्याज लाग्ने व्यवस्था गरिएको छ। ऋण असुलीलाई प्रभावकारी बनाउन फोन सम्पर्क, घरदैलो, SMS तथा पत्राचारमार्फत अनुगमन र सम्झाइ-बुझाइ गरिने कार्यलाई प्राथमिकता दिइएको छ। विगतमा लगानी भएका, २०६८ साल फागुनमा कार्यालयमा भएको आगलागीका कारण प्रमाण नष्ट भई असुली हुन नसकेका तथा साक्षी जमानीमार्फत पहल गर्दा पनि नउठेका केही ऋणलाई जोखिम कोषबाट खर्च लेखी अपलेखन गरिएको छ। यद्यपि अपलेखन भएका ऋणहरू पनि पुनः सम्पर्कमा ल्याई असुली गर्ने प्रयास निरन्तर जारी रहेको छ। चालु आर्थिक वर्षमा दुईवटा ऋण सफलतापूर्वक असुल गरिएको तथ्य प्रस्तुत गर्न चाहन्छौं।

## ५. समिति, उपसमिति तथा व्यवस्थापन

सहकारीको सम्पूर्ण कारोवारलाई व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यअनुसार आगामी कार्ययोजना अघि सारिएको छ। संस्थाका समितिहरूलाई अझ क्रियाशील बनाउँदै निर्णय प्रक्रिया र सेवा प्रदान प्रणालीलाई सुदृढ बनाइनेछ। यस अन्तर्गत सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको प्रति बैठक भत्ता रू ३,००० यथावत रहनेछ। साथै सञ्चालक समितिको बैठकमा उपस्थित सदस्यलाई मासिक पत्रपत्रिका खर्च रू १,०००, मासिक यातायात खर्च रू १,००० तथा सञ्चार सुविधा रू ५०० उपलब्ध गराउने व्यवस्था निरन्तरता दिने प्रस्ताव प्रस्तुत गरिएको छ। उपसमितिलाई सक्रियता बढाउने उद्देश्यले उपसमितिको प्रति बैठक भत्ता रू १,००० तथा मासिक यातायात खर्च रू ५०० कायम राखिएको छ।

सहकारी सञ्चालनमा मार्गदर्शन प्रदान गर्ने उद्देश्यले गठन गरिएको सल्लाहकार समूहका सदस्यलाई प्रति बैठक भत्ता रू १,५०० तथा मासिक सञ्चार सुविधा रू ५०० उपलब्ध गराउने व्यवस्था पनि निरन्तरताका लागि प्रस्तावित गरिएको छ। संस्थाको व्यवस्थापकलाई मासिक तलब रू ३५,२०० बाहेक भत्ता र सुविधा शीर्षकमा रू १५,०००, संचार र यातायात तथा महंगी भत्ता रू २,५०० र सवारी साधन सुविधा निरन्तर रूपमा उपलब्ध गराइनेछ। साथै, सहकारीको सेवा प्रवाहलाई सहज बनाउन आवश्यक उपकरण, सामग्री तथा दक्ष जनशक्ति थप व्यवस्थापन गरिनेछ। संस्थाको सञ्चालनमा संघीय, प्रादेशिक तथा स्थानीय सरकारका नियम, विधि र प्रक्रिया अवलम्बन गरिनेछ। समितिलाई संस्थाको प्रमुख जिम्मेवार संरचना मानेर समितिको अध्यक्षले दैनिक कार्यालय निरीक्षण तथा ऋण स्वीकृति सम्बन्धी जिम्मेवारी सम्हाल्ने व्यवस्था यथावत रहनेछ। यसअन्तर्गत अध्यक्षलाई नियमित बैठक भत्ताका अतिरिक्त मासिक भत्ता रू २५,००० निरन्तरता दिइने प्रस्ताव गरिएको छ। त्यस्तै, सचिवको भूमिकालाई मध्यनजर गर्दै बैठक भत्ता बाहेक मासिक भत्ता रू १५,००० उपलब्ध गराउँदै कार्यालयको कामकाजलाई अझ व्यवस्थित र छरितो बनाइनेछ।

आर्थिक वर्ष २०८१/८२ मा संचालक समितिका १६ वटा, लेखा सुपरिवेक्षण समितिको ४ वटा, ऋण उपसमितिका ९ वटा नियमित बैठक बसेर ऋण लगानी, शिक्षा उपसमितिको ७ वटा बैठक, बजार विश्लेषण उपसमितिको २ वटा तथा महिला विकास उपसमिति/सदस्य विस्तार उपसमितिको संयुक्त १ वटा बैठक भएको छ। अन्य उपसमितिका निर्णयहरू अनुमोदनका लागि प्रस्तुत गरिएको छ। आवश्यक पर्ने समयमा सल्लाहकारहरूसँग परामर्श लिने अभ्यासलाई निरन्तरता दिइएको छ। समिती, उपसमिति तथा सल्लाहकारहरूको भत्ता तथा सुविधा सम्बन्धी वार्षिक खर्च विवरण तपशिल अनुसार प्रस्तुत गरिएको छ।

**तपशिल**

| क्र.सं. | नाम | पद | भत्ता रकम | भत्ता, संचार पत्र पत्रिका |
|---|---|---|---|---|
| १. | दुर्गालाल श्रेष्ठ | अध्यक्ष | २८५,०००।- | भत्ता, संचार पत्र पत्रिका |
| २. | हरिकृष्ण धेके | सचिव | २३२,५००।- | भत्ता, संचार पत्र पत्रिका |
| ३. | कल्पना कुमारी चौलागाई | संचालक सदस्य | ४५,०००।- | भत्ता, संचार पत्र पत्रिका |
| ४. | ऋषिराम खतिवडा | संचालक सदस्य | ४१,५००।- | भत्ता, संचार पत्र पत्रिका |
| ५. | राजन प्रसाद पराजुली | संचालक सदस्य | ५१,०००।- | भत्ता, संचार पत्र पत्रिका |
| ६. | सर्मिला श्रेष्ठ | संचालक सदस्य | ४५,०००।- | भत्ता, संचार पत्र पत्रिका |
| ७. | विम्वा छिरिङ दोर्जे थिङ | संचालक सदस्य | ५१,०००।- | भत्ता, संचार पत्र पत्रिका |
| ८. | कृष्ण प्रसाद आचार्य | लेखा सुपरिवेक्षण समिति संयोजक | २४,०००।- | भत्ता, संचार पत्र पत्रिका |

| | | | | |
|---|---|---|---|---|
| ९. | सुमन श्रेष्ठ | लेखा सुपरिवेक्षण समिति सदस्य | २४,०००।- | भत्ता, संचार पत्र पत्रिका |
| १०. | पार्वती खकुराल | लेखा सुपरिवेक्षण समिति सदस्य | १३,५००।- | भत्ता, संचार पत्र पत्रिका |
| ११. | गिता प्रसाद आचार्य | सल्लाहकार | १,५००।- | भत्ता, संचार |
| ११. | भगवान चन्द्र उप्रेती | सल्लाहकार | १,५००।- | भत्ता, संचार |
| १२. | उज्वल कार्की | सल्लाहकार | १,५००।- | भत्ता, संचार |
| १३. | भरत प्रसाद खतिवडा | सल्लाहकार, पुनलेखन उप-समिति सदस्य | ७,५००।- | भत्ता, संचार |
| १४. | दिपक अधिकारी | सल्लाहकार, पुनलेखन उप-समिति सदस्य | ६,०००।- | भत्ता, संचार |
| १५. | योगेन्द्र ढुङ्गाना | ऋण उप-समिति सदस्य | ६,०००।- | भत्ता, संचार |
| १६. | उद्दव कुमार श्रेष्ठ | ऋण उप-समिति सदस्य | ६,०००।- | भत्ता, संचार |
| १७. | नवराज पाठक | शिक्षा उप-समिति सदस्य | ६,०००।- | भत्ता, संचार |
| १८. | श्यामहरि नगरकोटी | शिक्षा उप-समिति सदस्य | ६,०००।- | भत्ता, संचार |
| १९. | रामशरण डंगोल | पुनलेखन उप-समिति सदस्य | ६,०००।- | भत्ता, संचार |
| २०. | लक्ष्मण श्रेष्ठ | बजार विश्लेषण उपसमिति सदस्य | १,०००।- | भत्ता, संचार |
| २१. | प्रकाश थापा | बजार विश्लेषण उपसमिति सदस्य | १,०००।- | भत्ता, संचार |

उल्लेखित रकममा नियमानुसार करकट्टी गर्ने गरिएको छ।

**६. अन्य कार्यक्रम :**

यस वर्ष सहकारीले प्रत्येक महिना सदस्यता खुला गरिएको छ। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा तिर्नँपर्ने पसल भाडा 'भाडा बचत' तथा स्मार्ट मोबाइल बैंकिङ मार्फत बुझाउने व्यवस्था निरन्तर सञ्चालनमा ल्याईएको छ। साप्ताहिक स्वास्थ्य परीक्षण हरेक शुक्रबार बिहान ७ देखि ९ बजेसम्म सञ्चालन गरिएको छ। बार्षिक क्यालेण्डर छपाई-वितरण, SEE मा A तथा A+ ल्याउने विद्यार्थीलाई प्रशंसा-पदक, उत्कृष्ट सदस्य सम्मान पुरस्कृत, जेष्ठ एवं एकल महिला भत्ता वितरण र सम्मान, सहकारी दिवस तथा २६औं वार्षिकोत्सवमा सक्रिय सहभागिता जस्ता कार्यक्रम सम्पन्न गरिएको छ। संस्थाबाट सदस्यलाई काजक्रिया खर्च, सदस्य दुर्घटना विमा, प्राणघातक रोग उपचार खर्च जस्ता राहत सुविधा पनि प्रदान गरिएको छ। रेमिटान्स सेवा मार्फत सदस्यलाई नियमित सुविधा प्रदान गरिएको छ।

यस बर्ष सहकारी संस्थावाट तपशिलको सुविधा तपशिलका सदस्यहरुले प्राप्त गर्नुभएको व्यहोरा अवगत गराउन चाहन्छु।

१. जेष्ठ तथा एकल महिला सदस्य भत्ता रु २,१८,०००/-

२. काजक्रिया खर्च

| क्र.सं. | सदस्यको नाम | सदस्यता नं. | भत्ता रकम |
|---|---|---|---|
| १. | लेप कुमारी लुईटेल | ३१४१ | ४०,८३४।- |
| २. | शंकर प्रसाद भट्टराई | ११७ | १,००,०००।- |
| ३. | राजेन्द्र प्रसाद कानु | ९९ | ३३,६७२।- |

### ३. सदस्य जटिल रोग उपचार खर्च

| क्र.सं. | सदस्यको नाम | सदस्यता नं. | भत्ता रकम |
|---|---|---|---|
| १. | युव कुमारी सिलवाल | ३१४१ | २५,०००।- |

### ३. सुत्केरी भत्ता

| क्र.सं. | सदस्यको नाम | सदस्यता नं. | भत्ता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सुष्मा श्रेष्ठ | २२८१ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| २. | शर्मिला श्रेष्ठ | ८५० | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ३. | विमला पौड्याल | २६९९ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ४. | अश्मिता कार्की | ३९३६ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ५. | अनिता महर्जन | ३०५८ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ६. | गायत्रि आचार्य | २२७३ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ७. | रमिता पौडेल | ३९३० | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ८. | तारा भेटुवाल | २१५८ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ९. | सरिता पाण्डे | २८५९ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| १०. | पार्वति श्रेष्ठ बि. | ३७८७ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| ११. | अन्जना रिजाल | ४१३३ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| १२. | अश्मिता लुइटेल | ४१५४ | ५,०००।- | बाल शैक्षिक बचत खाता |
| १३. | संगिता श्रेष्ठ | २८२० | ५,०००।- | बाल शैक्षिक बचत खाता |

### ७. लेखा परीक्षक नियुक्ती तथा पारिश्रमिक तोक्ने

आ.व २०८१/२०८२ को वित्तिय विवरण सहितको एस एम सी ए एसोसिएट्स (SMCA Associates) दर्ता नं ७४९ ले तयार पारेको लेखापरीक्षण प्रतिवेदनलाई स्वीकृतीका लागि साधारणसभामा पेश गर्दछु, साथै २०८२ /२०८३ का अधिकारी मनोज एण्ड एसोसिएट्स (Adhikari Manoj & Associates) दर्ता नं ९२६ भरतपूर-१२, चितवनलाई वार्षिक शुल्क रु. २,२५,०००। (अक्षरुपी दुई लाख पच्चीस हजार) भ्याट बाहेक उपलब्ध गराउने गरी नियुक्तिका लागि साधारणसभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**अध्यक्ष एवं सदस्य महानुभावहरु,**

अब म, संस्थाको आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहान्छु ।

### १. शेयर कार्यक्रम

काठमाडौं जिल्ला भरी कार्यक्षेत्र बनाई कारोवार गर्ने व्यक्तिहरुलाई हरेक दिन नै सदस्यता प्रदान गरी सदस्यता लिनु अघि वा लिए पश्चात सदस्यलाई हरेक महिनाको अन्तिम सोमबार सदस्यले गर्नु हुने र गर्नु नहुने विषयलाई लिएर प्रारम्भिक सहकारी शिक्षा प्रदान गरी सदस्यता प्रदान गरिने छ । न्यूनतम १ कित्ता शेयरबाट कारोबार गर्न सकिने छ । सदस्यले न्यूनतम १ कित्ता शेयर देखी अधिकतम ३००० कित्ता सम्म शेयर खरिद गर्न पाउने व्यवस्था मिलाईएको छ । ऋण लगानीको हकमा रु २५ हजार शेयर अनिवार्य, ५ लाखसम्मको सामूहिक जमानीमा वा कृषिमा लगानी गरिने ऋणमा अनिवार्य रु ५० हजार शेयर हुनुपर्ने, धितोमा ऋण लगानी गरेका सदस्यहरुको रु १,००,०००

शेयर अनिवार्यलाई निरन्तरता दिईने छ । स्मार्ट मोबाइल बैकिङ्ग चलाउने सदस्यहरुलाई न्युनतम शेयर ५००० खरिद गर्न अनुरोध गरिने छ । शेयर सम्वन्धी अन्य कार्य व्यवस्थालाई निरन्तरता दिईने छ । आ.व.२०८२/८३ मा शेयर पुजीँ ८,५० लाख पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

### २. बचत कार्यक्रम

शेयर खरिद गरे संगै मासिक बचत, साधारण बचत (पूरुषको हकमा), महिला बचत (महिलाको हकमा) अनिवार्य खाता खोल्नु पर्नेछ । मासिक बचतमा अन्य बचत (आवधिक बचत बाहेक) मा भन्दा बढी व्याजदर कायम गरिने छ । मासिक बचतमा रु २०० देखी रु ५००० सम्म जम्मा गर्न सकिने छ, तर जम्मा गरिएको रकम हरेक महिना समान हुनुपर्ने छ । जम्मा गर्ने रकम परिर्वतन गर्नुपरेमा हरेक आर्थिक वर्षको साउन महिनामा मात्र फारम भरी परिर्वतन गर्न सकिने छ । मासिक बचत भुक्तानीमा संस्था स्थापना काल देखीको १० प्रतिशत छोडी, हरेक वर्ष नै झिक्न मिल्ने व्यवस्था रहेको छ, तर कुनै सदस्यको जटिल दुर्घटना भएमा, प्राणघातक रोग लागेमा, पक्षघात भएमा, निरन्तर बचत गरेको १० वर्ष पूरा भएमा, उमेरको हकमा ६५ वर्ष उमेर पुगेमा जम्मा भएको रकमको १० प्रतिशत रकम छोडेर झिक्न मिल्ने व्यवस्था पनि रहेको छ । मासिक बचत अग्रिम ३-६ महिनासम्मको जम्मा गर्न सकिने छ । उमेर पुगिसकेका बाल बचतकर्ताहरुलाई सदस्यता प्रदान गरिने छ साथै निष्कृय सदस्यहरुको पहिचान गरी सकृय बनाउने हर कोशिस गरिने छ । विमा बचत खाताको सुरुवात गर्ने साथै स्मार्ट मोबाइल बैकिङ्ग चलाउने सदस्यहरुलाई प्रारम्भीक खाताको रुपमा मेगा बचत खातालाई र सेकेन्डरी खातामा अन्य खाता पनि संलग्न गराईने छ । आ.व.२०८२/८३ मा कूल निक्षेप संकलन ७० करोड पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

### ३. ऋण कार्यक्रम

संस्थाले सदस्यहरुलाई प्रदान गर्ने ऋण सदस्यहरुको अधिकारका रुपमा नभई सुविधाको रुपमा लिइनेछ भने ऋणको लगानीका लागि तिर्न सक्ने क्षमतालाई मुख्य आधार बनाएर मात्र लगानी गरिने छ । धितोको हकमा ऋण लगानी गर्दा जुनसुकै उद्देश्य एवं क्षेत्रमा पनि प्राथमिक पुँजीकोषको १० प्रतिशत भन्दा बढी लगानी गरिने छैन भने समय सिमा १५ वर्षको निधारण गरिएको छ । सामुहिक जमानीको हकमा लगानी गर्ने ऋण २ लाखसम्मको समयावधि अधिकतम १ वर्षको हुने र ५ लाखसम्मको समयावधि अधिकतम २ वर्षको लागि निर्धारण गरिने छ । उत्पादन मूलक श्रेत्रमा ऋण लगानीमा प्राथमिकता दिईने छ । संस्थामा धेरै वर्ष देखि बाल बचतकर्ता हुनु भएको र अहिले स्वेदश अथवा विदेश पढ्न चाहनेको लागि धितो वा सामुहिक जमानी शैक्षिक ऋण शर्तहरु लागु हुने गरी ऋण प्रदान गरिने छ । असल कारोबारीहरुलाई मध्याजर गर्दै रु ५ लाख सम्मको ऋण लगानी गर्ने साथै, सदस्यहरुलाई सवारी साधन खरिदको लागि हायर पर्चेजमा ऋण लगानी गरिने व्यवस्था मिलाईएको छ । कृषिलाई दुई भागमा वर्गिकरण गर्ने : पशुपालन ऋण र कृषि ऋण, उक्त ऋणहरु धितो वा सामूहिक जमानीमा लगानी गर्ने साथै सदस्यहरुलाई घर निर्माण मर्मत, तला थप गर्न तथा घर घडेरी खरिद गर्न आवस शिर्षकमा र सदस्यलाई कृषि, उद्योग, व्यवसाय वा बिक्रि गर्ने प्रयोजनको लागि जग्गा खरिद ऋण शिर्षकमा लगानीको व्यवस्था गरिएको छ । ऋण फाइल व्यवस्थापन (Loan Management Module) अनुरुप ऋण लगानी गर्ने प्रकृया अगाडी बढाईएको छ । आ.व.२०८२/८३ मा कूल ऋण लगानी ७० करोड पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

### ४. सामाजिक क्रियाकलाप

संस्थाले सदस्यहरुको हितमा विभिन्न समयमा सामाजिक कार्यक्रमहरु गदै आएको छ । उक्त कार्यक्रमहरुलाई यस वर्ष पनि निरन्तरता दिदै जाने छ । संस्थाले सम्भावित सदस्यहरुलाई रक्तदान, प्राणघातक रोग, स्त्री रोग सम्वन्धी जनचेतना मूलक कार्यक्रम संचालन गरिने, सरसफाई कार्यक्रम साझेदारी रुपमा संचालन गरिने, तनाव व्यवस्थापन

गर्ने सम्वन्धी उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिने, बृक्षारोपण सम्वन्धी कार्यक्रम गर्ने, निम्न आयश्रोत भएका सदस्यको छोराछोरी, जेहनदार विद्यार्थीलाई छात्रवृद्धीको व्यवस्था बढीमा २ जना मिलाउने, सदस्य एवं सदस्यका परिवारको देहान्तमा १३ औ दिनभित्र सदस्यका परिवार एवं क्रियापुत्री भेटघाट कार्यक्रम गर्ने साथसाथै परिवारको अन्य सदस्य पनि मृत्यु भएको खण्डमा फेसबुक मार्फत समवेदना प्रकट गर्ने, शोक पुस्तिका मार्फत अभिलेखिकरण गर्ने, सदस्यको वा सदस्यको परिवारमा भएको शुभकार्य जस्तै शुभ विवाह, नवजात शिशुको जन्ममा आमा बच्चा दुवैलाई फेसबुकमा शुभकामना प्रकट गर्ने जस्ता कार्यक्रमको व्यवस्था मिलाउने छ ।

**४.सदस्य हित कार्यक्रम**

संस्थाले सदस्यको हित र व्यवस्थापनका लागि महिला सदस्य सुत्केरी भत्ता, दुर्घटना विमा, प्राणघातक रोग उपचार खर्च, स्वास्थ्य बीमा, काजक्रिया खर्च जस्ता कार्यक्रमहरूलाई बीमा कम्पनीसँग परामर्श गरी जोखिम हस्तान्तरण गर्दै बीमा बचतमार्फत थप सेवा सुविधा प्रदान गर्ने योजना बनाएको छ । विप्रेषण सेवा तथा मोबाइल बैंकिङमार्फत सिधै खातामा रकम प्राप्त गर्न सकिने सेवा विकास गरिनेछ । साप्ताहिक स्वास्थ्य परीक्षण निरन्तर सञ्चालन हुनेछ । सदस्यहरुलाई नियम-व्यवस्था र सहकारी ज्ञानका लागि तालिम र अवलोकन भ्रमण गराइनेछ । वार्षिक उत्सव विविध कार्यक्रम सहित सम्पन्न गरिनेछ भने वार्षिक साधारण सभा मितव्ययी ढंगले आयोजना गरिनेछ। बाल बचतकर्ताका लागि प्रतियोगितात्मक कार्यक्रम, शैक्षिक पुरस्कार, अपाङ्गता शैक्षिक सहयोग र दुर्घटनाबाट मृत्युमा १ लाख आर्थिक सहयोग जारी रहनेछ। जेष्ठ सदस्य (६० वर्षमाथि) र नियमित कारोबार गर्ने एकल महिला सदस्यलाई वार्षिक रु २००० सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछ र धार्मिक स्थल भ्रमण गराइनेछ । सदस्य सेवाका आर्थिक सहयोग कार्यविधि व्यवस्थित बनाइनेछ र तरकारी-फलफूल व्यवसाय तथा उत्पादनमा संलग्न सदस्य र क्षेत्रमा सदस्य विस्तार गरिनेछ ।

**५. प्राविधिक सेवा**

सदस्यहरुको वित्तीय र गैर वित्तीय आवश्यकताहरुको समाधान गर्न सक्ने गरि संस्थाको कार्यालयलाई अत्याधुनिक र व्यवस्थित बनाईएको छ । प्रविधि एवं विद्युतिय माध्यमवाट सहकारीका सेवाहरु संचालन गरिनेछ । मोबाइल बैंकिङ, मिस्डकल सूविधा, क्यु.आर कोड, ई-टेलरको सुरुवातसंगै डिजिटल सेवा मार्फत ३६५ दिन नै कारोबार हुने व्यवस्था गरिएको छ । संस्थाको वित्तीय कारोवारको लेखा व्यवस्थापन आधुनिक सफ्टवेयर प्रणालीबाट गरिएको छ । हाललाई केन्द्रीय कार्यालय, नगद सेवा काउन्टरमा बजारबाट बचत संकलन कार्य ट्याबलेट मार्फत गर्ने व्यवस्था मिलाईएको छ । जुन सुकै रेमिट बाट पैसा आए पनि निकाल्न मिल्ने, साथै मोबाइल बैंकिंग मार्फत सिधै खातामा रकम प्राप्त गर्न सकिने सेवाको विकास गर्ने । सदस्यले संस्थाका जुनसुकै कार्यालय तथा नगद सेवा काउन्टरबाट नियमानुसार जति पनि रकम राख्न र झिक्न पाउने गरी निशुल्क ए.बि.बि.एस ABBS सेवा उपलब्ध गराईएको छ । www. tarakariphalfool.coop.np डोमेन राखी प्रयोगकर्ता मैत्री, संस्थाको वेवसाईट अध्यावधिक गरिएको छ । साथै, मोबाइल बैकिङबाट दैनिक रु ३लाख र मासिक रु २५लाख सम्मको लिमिटको व्यवस्था मिलाईएको छ । मोबाइल बैकिङ प्रयोगकर्तालाई वार्षिक रु ३५०, एस.एम.एस सूविधा मात्र लिन चाहने सदस्यको लागि रु १०० शुल्क लाग्ने छ । ठुला बचतकर्ताहरुको लागि कोइली डिभाईस मार्फत सर्भिस पनि दिईने छ ।

**६. शिक्षा, तालिम र सुचना**

आवश्यकता अनुरुप संचालक, लेखा पदाधिकारीहरुको लागि क्षमता अभिबृद्धि वा संस्था विकास तालिम संचालन गर्ने, संचालक, लेखा पदाधिकारी एवं उपसमितिहरुको लागि व्यक्तित्व विकास तालिम, कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि तालिम, कर्मचारीहरुको पूनर्ताजगी कार्यक्रम, राष्ट्रिय अन्तराष्ट्रिय गोष्ठी सभा समारोहमा सहभागिता,

सदस्यहरुका लागि सिप विकास तालिम, संस्थाको कार्यक्रमहरु बारे १२ महिना १२ भेट तरकारी फलफूल अपटुडेट कार्यक्रम अर्न्तगत हरेक महिनाको अन्तिम साता सहकारी शिक्षा कार्यक्रम गर्ने व्यवस्था मिलाउने छ ।

### ७. संस्था विकास

यस सहकारी संस्थालाई अझ बढी दरिलो र भरपर्दो बनाउनको लागि आवश्यकता अनुरुप निति, र्कािविधिहरु परिमार्जन गरिने छ । सम्बन्धित निकायको व्यवस्था बमोजिम कार्यक्षेत्र विस्तारको लागि पहल गर्दै वाग्मती प्रदेशका जिल्लाहरुका चलअचल सम्पत्ति रोक्का राखी कारोवार गर्न समन्वयनको प्रकृया अगाडी बढाईने छ । संस्थाको रणनीतिक योजनाहरु निर्माण गर्ने, सहकारी संस्थाको घरजग्गा खरिद गर्ने, बल्खु नगद सेवा काउन्टरलाई व्यवस्थित पार्न साउनबाट छुट्टै लेखा प्रणाली राखी प्रविधि मैत्री बनाउने, संञ्चालकको नेतृत्वमा बल्खु नगद सेवा काउन्टरलाई थप रणनिती जस्तै नियमित स्वास्थय परिक्षण, रेमिट्यान्स सुविधा, निशुल्क ए.बि.बि.एस ABBS सेवा, सामूहिक जमानी ऋण लगानीमा सहजता जस्ता सुविधा प्रदान गर्ने, बजारको अध्ययन गरी अन्य सेवाकेन्द्रहरु विस्तार गर्ने, संस्था विकास एवं स्तरोन्नतिका कार्यक्रमहरुमा संस्थागत सहभागिता जनाउने, स्थानीय निकायसँग सहकार्य गरी विभिन्न सिपमूलक कार्यक्रमहरु संचालनमा ल्याउने व्यवस्था मिलाईने छ । संस्थालाई आवश्यक अन्य कार्यविधिहरु यसै सभाबाट पारितको लागि पेश गर्दछु ।

### ८. वित्तिय क्षेत्र

यस वर्ष संस्थाले आ.व. २०८१/८२ का प्रमुख वित्तीय सूचकहरू–बचत संकलन, ऋण प्रवाह, ब्याज आम्दानी, कोषस्थिति, सञ्चालन खर्च तथा संस्थाको आर्थिक अवस्था प्रमाणित गर्ने अन्य विवरणहरू सहित वित्तीय प्रतिवेदन प्रस्तुत गरेको छ । प्रस्तुत विवरणहरूले संस्थाको वित्तीय दायरा विस्तार हुँदै गएको, सदस्यको विश्वास तथा सहभागितामा वृद्धि भएको देखिएको छ ।

आगामी आ.व. २०८२/८३ का लागि संचालक समितिबाट संस्थाको दीर्घकालीन लक्ष्य, उपलब्ध स्रोत तथा सम्भावित जोखिम मूल्यांकनका आधारमा अनुमानित बजेट र वार्षिक कार्यक्रम तर्जुमा गरिएको छ। सो बजेटले बचत तथा ऋण व्यवसाय विस्तार, डिजिटल सेवा प्रवर्द्धन, सदस्य शिक्षा, क्षमता विकास, प्रशासनिक सुधार तथा पूर्वाधार सुदृढीकरणलाई प्राथमिकता दिएको छ । यसैअनुसार, संस्थाको आर्थिक प्रवाह सन्तुलित र दीगो बनाउँदै सदस्यको हित तथा संस्थाको स्थायित्वलाई केन्द्रमा राखी तयार पारिएको प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रमलाई यसै सभाबाट अनुमोदन गरिदिनुहुन प्रस्ताव पेश गर्दछु ।

**आ.व. २०८१/८२ को प्रमूख वित्तिय विवरणहरु र आ.व.२०८२/८३ को अनुमानित बजेट**

| विवरण | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | २०८१/०८२ को लक्ष्य | प्रगती | २०८२/०८३ को लक्ष्य (बजेट) |
|---|---|---|---|---|---|---|
| शेयर पूजीँ | ६,९५,०५,३०० | ७,२६,००,१०० | ८,०७,२९,३०० | ७,६५,००,००० | १०५.५ | ८,५०,००,००० |
| जगेडा तथा अन्य कोष | १०,९३,३४,२६९.५९ | १२,३७,६७,५९७ | १२,८२,४८,१४२ | १०,००,००,००० | १२८.२४ | ११,२५,००,००० |
| बचत हिसाब | ४४,६५,३२,३३४.८७ | ५३,६६,६८,६४६ | ६६१,९६,४०,९८० | ५८,००,००,००० | १०६.८३ | ७०,००,००,००० |
| ऋण लगानी | ४६,०१,९८,८४२ | ४८,४०,४३,८३४ | ५७,२८,२५,३१२ | ६०,००,००,००० | ९५.४ | ७०,००,००,००० |
| नगद तथा बैक मौज्दात | १०,२०,७२,७६४ | ११,५२,८१,२७४.४९ | ९,३७,२३,३८८ | ४,००,००,००० | २३४.३ | १०,००,००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लगानी हिसाब | ८,७७,१२,००० | १४,२७,१२,००० | १५,७७,१२,००० | १०,३०,००,००० | १५३.११ | २०,३०,००,००० |
| स्थिर सम्पत्ति | १५,११,८९२.५० | २४,५१,८६४.७६ | २५,६८,८५१ | ३५,००,००० | ७३.३९ | ४०,००,००० |
| कूल आम्दानी | १०,३१,६०,१४८ | १३,९९,३८,७०५.२९ | ८,३३,१२,४५६ | ९,२२,०५,००० | ९०.३ | ७,७४,१०,००० |
| कूल खर्च | ४,५२,८३,३६०.०५ | १०,१२,१७,०११.७७ | ६,३०,५९,४१३ | ५,४४,९५,००० | ११५.७ | ५,४२,३०,००० |
| खूद नाफा | ३,५४,०६,२५४.९ | ३,८७,२१,६९३.५२ | २,०५,८४,१४३ | ३,७७,१०,००० | ५४.५ | २,३१,८०,००० |
| सदस्य | २०८० | २२५७ | २,४९१ | २,५०० | ९९.६ | २,९०० |

**९ संचालन मूनाफा, कोषवाडफाँड एवं लाभांश वितरण :**

आ.व.२०८१/०८२ मा प्राप्त भएको संचालन मूनाफावाट राज्यलाई २० प्रतिशत आयकर तिरी बांकी रहेको खुद मूनाफा रु १,७५,१६,७०९। वाट २५ प्रतिशत अर्थात रु.४३,७९,१७७ जगेडा कोषमा सो पश्चात वाकी रहेको रकमवाट २५ प्रतिशत अर्थात रु.३२,८४,३८३ संरक्षित पूजी फिर्ता कोषमा एवं ०.५ प्रतिशत रु ६५,६८८। सहकारी प्रवर्द्धन कोषमा छुट्याई बांकी रहेको रकम रु. ९७,८७,४६१। वाट ५ प्रतिशत कर्मचारी बोनस कोषमा र ६५ प्रतिशत हुन आउने रकम रु. ६८,५१,२२३। शेयर लाभांश कोषमा रहने र सोवाट ८ प्रतिशत लाभांश वितरणको लागि प्रस्ताव पेश गरेको छु । नियमानुसार विभाजन गरिएको संरक्षित पुंजी फिर्ताकोष, कर्मचारी बोनसकोष एवं अन्य कोषहरुमा व्यवस्था गरिएको रकम पूववर्त व्यवस्था अनुरुप नियमानुसार नै कोषको रकम वितरण र प्रयोगको लागि समेत प्रस्ताव पेश गरेको छु ।

**अध्यक्षज्यू तथा सदस्य महानुभावहरु,**

पुरानो सहकारी वा वित्तीय संस्थामा राखिएको धितो फुकुवा नहुँदा हाम्रो सहकारीमा सदस्यको ऋण प्रवाहमा ढिलाइ हुन सक्ने अवस्था देखिएको छ । यसै सन्दर्भमा, सदस्यलाई आवश्यक अल्पकालीन ऋण प्रदान गरी पुरानो धितो फुकुवा गर्न सहयोग गर्ने व्यवस्था अर्थात ब्रिज लोन संचालन गर्न यस सभामा प्रस्ताव पेश गर्दछु ।

**अन्त्यमा,** माथि प्रस्तुत सम्पूर्ण प्रतिवेदनमाथि छलफल, समिक्षा गरी पारित गरिदिनुहुन विनम्र प्रस्ताव गर्दछु । संस्थाको उन्नति, विस्तार र प्रगतिमा निरन्तर साथ, सहयोग र प्रेरणा प्रदान गर्दै आउनु भएका पदाधिकारीहरू, मार्गदर्शन प्रदान गर्ने आन्तरिक लेखापरीक्षकज्यू, संस्थासँग विश्वासपूर्वक बचत तथा ऋण कारोबार गर्दै साथ दिइरहनु भएका आदरणीय शेयर सदस्य महानुभावहरू तथा संस्थाको हित र लक्षप्राप्तिमा अहोरात्र समर्पित भई कार्यरत कर्तव्यनिष्ठ कर्मचारीहरूप्रति यो अवसरमा आफ्नो तथा सञ्चालक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि यस्तै सहयोग, सुझाव र सहकार्य निरन्तर रहिरहने विश्वास लिएको छु ।

यस आर्थिक वर्ष सहकारीको चुनावी वर्ष समेत रहेको हुँदा, संस्थाको नेतृत्व चयनदेखि नीतिगत निरन्तरतासम्म आगामी चार वर्षको दिशा निर्धारण गर्ने महत्वपूर्ण मोडमा हामी उभिएका छौँ । चुनाव केवल पदाधिकारी चयनको प्रक्रिया मात्र नभई सहकारीप्रतिको हाम्रो सोच, सहभागिता र भविष्यप्रतिको सामूहिक संकल्पको अभिव्यक्ति हो ।

सचिवका रूपमा, पारदर्शी प्रशासन, सुशासन, कानुनअनुरूपको कार्य सम्पादन, अभिलेख व्यवस्थापन तथा संचालक समितिले गरेका निर्णयहरूको व्यवस्थित कार्यान्वयनमा यहाँहरूले प्रदान गर्नुभएको साथ, विश्वास र सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामी सबैको साझा प्रयास, समर्पण र सकारात्मक सहभागिताले नै सहकारीलाई अझ सक्षम, सदस्यमैत्री तथा समयानुकूल संस्थाको रूपमा अघि बढाउनेछ भन्ने दृढ विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !    २०८२ साल पौष  २९ गते मङ्लवार, कालिमाटी व्याङ्क्वेट,सोल्टीमोड, काठमाडौं**

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाडौंको २६औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समिति संयोजक श्री कृष्ण प्रसाद आचार्य ज्यूले प्रस्तुत गर्न भएको आ.ब.२०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन



**श्री कृष्ण प्रसाद आचार्य**
**लेखा सुपरिवेक्षण समिति संयोजक**

**कृष्ण प्रसाद आचार्य लेखा संयोजक**

यस गरिमामय २६ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सञ्चालक समिति पदाधिकारी ज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, सल्लाहकारज्यू, कर्मचारी वर्ग एवं उपस्थित सम्पूर्ण सदस्यज्यूहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्दछु ।

सहकारी संस्थामा आ.व २०८१/८२ मा भएका गतिविधिहरुलाई लेखा सुपरिवेक्षण समितिको तर्फवाट तपशिल बमोजिम प्रस्तुत गर्न चाहन्छु ।

**१) साधारणसभाको निर्णयको कार्यान्वयनको अवस्था :**

मिति २०८१ पौष २१ गते सम्पन्न २५औं वार्षिक साधारणसभाले गरेका निर्णयहरु प्राय कार्यान्वयन भएको पाईयो । प्रदेश सहकारी ऐन एवं नियमावलीमा भएको व्यवस्था अनुरुपको संस्थाको विनियम पुनलेखन गरिएको पाईयो । संस्थाको कारोबारलाई करसँग मेल खाने गरि कायम गर्न कर्मचारी तलब, बैठक एवं पत्रपत्रिका, भत्ता, व्याज खर्च, घरबहाल, सेवाशुल्क, लाभांश लगायतमा कर कट्टी गर्ने एवं आयकरको व्यवस्था गरि समयमा फर्छ्यौट गर्ने गरिएको छ । प्रदेश सहकारी कार्यालय र विभाग एवं वित्तिय जानकारी इकाईहरुमा संस्थाको मासीक/चौमासिक/बार्षिक बिवरण बुझाउने गरेको पाईयो ।

**२) समिति उपसमितिका बैठक र निर्णय कार्यान्वयनको अवस्था :**

संस्थामा लेखा सूपरिवेक्षण समितिको बैठक छुट्टै बसी संस्थामा भए गरेको काम कारबाहीको जानकारी लिने, हिसाब जांच गर्ने साथै वर्षभरीका आय-व्ययका वील भौचरहरु हेर्ने तथा सबैलाई अध्यावधिक गराउने गरेका छौं । आवश्यक छलफलवाट निस्किएको निर्णयहरु, सुझावहरु, भेटिएका कमजोरीहरु संचालक समितिमा विधिसंवत ढंगले पेश गर्ने गरिएको छ । सञ्चालक समितिको मासिक बैठक नियमित रुपमा र अन्य आवश्यकता अनुसार थप बैठक बस्ने गरेको छ । यस वर्ष संचालक समितिका १६ वटा बैठकहरु बसेका छन । संचालक समितिको बैठकको निर्णयको कार्यान्वयनको अवस्था संतोषजनक नै पाईयो । आवश्यकता अनुसार ऋण उपसमितिको बैठक बस्ने गरेको छ । शिक्षा उपसमितिको संयोजकत्वमा सहकारी शिक्षा, विस्तारित मंच र सहकारी अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु सम्पन्न गरेको पाइन्छ । विभिन्न कार्य सम्पादन गर्न कार्य निर्धारण गरेर सञ्चालक समितिको संयोजकत्वमा अन्य उपसमितिहरु गठन भई बैठक भएका छन् । सल्लाहकार मण्डलको व्यवस्था भई छुट्टै पनि बैठक बसेर सल्लाह लिने गरिएको छ ।

**३) ऋण लगानी प्रक्रिया र सुरक्षाको अवस्था :**

संस्थाको सदस्यहरुलाई ऋण लगानीका लागि ऋण उपसमिति गठन भएको छ ।संचालक समितिको निर्णय, साधारणसभाको निर्णय एवं ऋण नीति अनुरुप सामूहिक जमानी र धितो जमानतमा ऋण लगानी गर्ने गरिएको छ ।

सुरक्षित ऋण लगानीलाई प्राथमिकतामा राख्दै सामूहिक जमानीमा २ लाखसम्म, (३ पटकसम्म उत्कृष्ट ऋण कारोबार गरी संस्थाबाट हरियो कार्ड प्राप्त (असल ऋणी) को हकमा ५ लाखसम्म), महिला व्यवसायको हकमा महिला उद्यमी ऋण तर्फ रु ५ लाख, पुरुषको हकमा उद्यमी ऋण तर्फ रु ५ लाख एवं धितो जमानतमा १ करोड सम्म लगानी भएको छ । सामूहिक जमानीको ऋणमा व्यवस्थापकबाट १ लाखसम्म, अध्यक्षवाट ५ लाखसम्म साथै धितो जमानतको ऋण २५ लाखसम्म कर्मचारी ऋण व्यवस्थापन समिति मार्फत त्यसैगरी २५ लाख देखि ५० लाखसम्म ऋण उपसमिति मार्फत र सोभन्दा माथी संचालक समितिको बैठकवाट स्वीकृत गरी लगानी गर्ने गरिएको छ । ऋणको सुरक्षणको अवस्थाको वर्गिकरण गरी जोखिम कोषको व्यवस्था गरिएको र आ.व २०८१/८२ को अन्त्यमा भाखा नाघेको ऋण प्रतिशत १.९९ रहेको देखिन्छ ।

**४. समिति उपसमितिको सुविधा :**

संस्थाको समिति बैठक खर्चमा २५औं बार्षिक साधरण सभा पछि प्रति बैठक भत्ता रु.३०००, मासिक पत्र-पत्रिका रु.१०००।, मासिक यातायात खर्च रु.१०००। एवं टेलिफोन रु.५०० गरी मासिक जम्मा रु.५,५००।, उपसमिति बैठक खर्चमा प्रति बैठक भत्ता रु. १००० तथा मासिक यातायात खर्च रु५००। एवं सल्लाहकारको खर्च प्रति बैठक भत्ता रु.१,५००, र मासिक टेलिफोन रु.५०० हुने गरेको र सबै बैठकमा सामान्य खाजा खाने व्यवस्था कायमै छ । २५औं वार्षिक साधारणसभावाट अध्यक्षलाई बैठक भत्ताको अलवा मासीक रु.२५,००० र सचिवलाई बैठक भत्ताको अलवा मासीक रु.१५,००० विषेश भत्ता उपलब्ध गराईएको पाइयो ।

**५. व्यवस्थापकको पारिश्रमिक एवं भत्ताका सम्वन्धमा :**

सातौ तहमा नियुक्त व्यवस्थापकको मासिक तलब रु.३५,२००। मासिक भत्ता रु.१५०००। मासिक संचार यातायात खर्च र महंगी भत्ता खर्च रु.२५००। भुक्तानी गरेको पाईयो , साथै सवारीसाधन सुविधा उपलब्ध गराईएको पाईयो ।

**६. नियामक निकायको मार्गदर्शन :**

सहकारी विभागवाट भएको अनुगमनमा प्राप्त सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिएको छ भने बेला बेलामा जारी मार्गदर्शन, निर्देशन, परिपत्र र सुचनाहरुलाई पालना गर्दै गरेको पाईयो ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

मानव संसाधन व्यवस्थापन कार्यविधि भई कार्यान्वयनमा ल्याईएको पाईयो । कर्मचारी भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको साथै कार्यरत कर्मचारीहरु र कार्यवोझ विच तादम्यता रहेको पाईयो ।

**अध्यक्ष एवं सदस्य महानुभावहरु,**

संस्थाका गतिविधिहरुमा लेखासुपरीवेक्षण समितिको तर्फबाट सुझावका रुपमा तपशील बमोजिम उल्लेख गर्न चाहन्छु ।

**१) सहकारी तालिमको नियमितता :**

सहकारी सञ्चालन, वित्तीय साक्षरता र सु-शासनका विषयमा वार्षिक तालिम कार्ययोजना बनाई नियमित रूपमा तालिम सञ्चालन गर्ने आवश्यक देखिन्छ।

**२) रणनीतिक योजनारबजेटको निगरानी :**

रणनीतिक योजना र स्वीकृत बजेटअनुसार त्रैमासिक तथा अर्धवार्षिक समीक्षा बैठक अनिवार्य रूपमा गरी कार्यान्वयनको प्रभावकारिता बढाउन सुझाव गरिन्छ ।

**३) प्रविधिको प्रभावकारी प्रयोग :**

डिजिटल सहकारीको अवधारणा अनुसार मोबाइल बैंकिङ, अनलाइन भुक्तानी, MIS सिस्टम र डिजिटल अभिलेख व्यवस्थापनलाई अझ बढि अध्ययन र सबल बनाउनु आवश्यक देखिन्छ ।

**४) नियम-नियमावलीको अद्यावधिक :**

सहकारी तथा बचत-ऋणसँग सम्बन्धित अद्यावधिक कानुन, निर्देशिका र नियामक निकाय जस्तै विभाग, प्राधिकरणले जारी गरेका परिपत्रहरू अध्ययन गरी संस्थाका आन्तरिक नीति-नियमहरू परिमार्जन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**५) समिति तथा उपसमितिको सक्रियता :**

समिति र उपसमितिको भूमिकालाई स्पष्ट रूपमा परिभाषित गरी नियमित बैठक, कार्यवितरण र प्रतिवेदन प्रणालीलाई सबल बनाउन सुझाव गरिन्छ ।

**६) सम्पत्ति व्यवस्थापन :**

संस्थाका सम्पत्ति तथा सामानहरूको अनिवार्य कोडिङ्ग, दर्ता, भौतिक सत्यापन तथा वार्षिक मिलान प्रक्रिया नियमित राख्न सुझाव गरिन्छ ।

**७) सदस्य शिक्षाका कार्यक्रम :**

सदस्य बीच सदस्य शिक्षा, सहकारीप्रति जागरूकता र सदस्य-संलग्नता (Member Engagement) बढाउने कार्यक्रम विस्तार गर्न आवश्यक देखिन्छ ।

**८) भवन निर्माणका लागि जग्गा :**

दीर्घकालीन संस्थागत विकासका लागि उपयुक्त स्थानमा जग्गा खरीदका प्रस्तावहरू छानबिन गरी आवश्यक निर्णयमा ध्यानाकर्षण गरिन्छ ।

**९) तरलता तथा लगानी व्यवस्थापन :**

सन्तुलित तरलता कायम राखी, न्यून जोखिमका उपयुक्त तथा नियमसंगत लगानी क्षेत्र पहिचान गरी लगानी पोर्टफोलियो सुदृढ गर्न सुझाव दिइन्छ ।

**१०) समायोजन प्रयोजन खाता व्यवस्थापन :**

समायोजन प्रयोजनको खाता २०६८ साल देखी स्पष्ट कार्यविधि बिना सञ्चालन भएको देखिएकाले यसका स्रोत, प्रयोजन र समायोजन अवधि तोकी सञ्चालक समितिबाट स्वीकृत कार्यविधि बनाई सञ्चालन गर्नुपर्ने सुझाव दिइन्छ ।

**अब, संस्थाको २०८१ श्रावण १ देखि २०८२ आषाढ ३१ सम्मको आय-व्यय विवरण प्रस्तुत गर्दछु ।**

| विवरण | आ.व. २०८१/२०८२ |
|---|---|
| ब्याज आम्दानी | ६,३२,४४,०९५ |
| ब्याज खर्च | (३,१४,५२,२९७) |
| खुद ब्याज आम्दानी | ३,१७,९१,७९८ |
| खुद बिक्रि तथा अन्य सञ्चालन आम्दानी | ५९,९०,१३० |
| खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी | ३,७७,८१,९२८ |
| अन्य सञ्चालन आम्दानी | १,३३,६२२ |
| **जम्मा सञ्चालन आम्दानी** | **३,७९,१५,५५०** |

| | |
|---|---|
| कर्जाको क्षयिकरण/(कर्जा तथा अन्य हानीको फिर्ता) | (२४,५६,११४) |
| **खूद सञ्चालन आम्दानी** | **३,५४,५९,४३६** |
| **सञ्चालन खर्च** | |
| कर्मचारी लाभ खर्च | (७६,४३,०४३) |
| अन्य सञ्चालन खर्च | (६४,६८,३०९) |
| ह्रासकट्टि, परिशोधन तथा क्षयिकरण खर्च | (७,६३,९४१) |
| **आयकर अघिको नाफा** | **२,०५,८४,१४४** |
| चालू कर | (२३,१३,६८५) |
| स्थगन कर खर्च/(आम्दानी) | (१,३१,६०६) |
| **यस अवधिको नाफा** | **१,८१,३८,८५३** |
| NFRS समायोजन | (६,२२,१४३) |
| **बाँड फाँड योग्य नाफा** | **१,७५,१६,७०९** |
| साधारण जगेडा कोष २५% | ४३,७९,१७७ |
| **साधारण जगेडा कोष पछिको रकम** | **१,३१,३७,५३२** |
| संरक्षित पुँजी फिर्ता कोष २५% | ३२,८४,३८३ |
| सहकारी प्रवर्धन कोष ०.५% | ६५,६८८ |
| **अन्य कोषहरुमा वितरण योग्य रकम** | **९७,८७,४६१** |
| **शेयर लाभांश कोष ७०%** | **६८,५१,२२३** |
| **सहकारी शिक्षा कोष ५%** | **४,८९,३७३** |
| **घाटापूर्ति कोष ५%** | **४,८९,३७३** |
| **सहकारी विकास कोष ५%** | **४,८९,३७३** |
| **सदस्य हित कोष ५%** | **४,८९,३७३** |
| **स्थिरीकरण कोष ५%** | **४,८९,३७३** |
| **कर्मचारी बोनस कोष ५%** | **४,८९,३७३** |

अन्त्यमा, संस्थाको यात्रामा विगत चार वर्षदेखि निरन्तर विश्वास, साथ र सहयोग प्रदान गर्न हुने सम्पूर्ण शेयर सदस्यज्यूहरूप्रति लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं । सदस्यज्यूहरूको विश्वास नै यस संस्थाको सबैभन्दा ठूलो पूँजी हो भन्ने कुरामा हामी दृढ छौं । चालू वर्ष निर्वाचन वर्षसमेत भएकोले, आगामी नेतृत्व चयनको प्रक्रियामा पारदर्शिता, सुशासन र संस्थागत हितलाई केन्द्रमा राखी विवेकपूर्ण निर्णय लिनु हुने विश्वास व्यक्त गर्दछौं । लेखा सुपरिवेक्षण कार्यमा सहयोग गर्नहुने समितिका सदस्य, संचालक समिति, सम्पूर्ण कर्मचारी वर्गहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ । आगामी दिनमा पनि संस्थाको दिगो विकास, वित्तीय सुदृढता र सदस्य हित प्रवर्द्धनका लागि सबै पक्षको निरन्तर सहयोग, समन्वय र सक्रिय सहभागिता रहने अपेक्षा सहित लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यहीँ समाप्त गर्न चाहन्छौं । धन्यवाद !!!

**संयोजक कृष्ण प्रसाद आचार्य** **सदस्य पार्वती खकुराल** **सदस्य सुमन श्रेष्ठ**

**२०८२ साल, पौष २९ गते मङ्लवार कालिमाटी व्याङ्क्वेट**

SMCA
Associates
Chartered Accountants

Jawalakhel, Lalitpur, Nepal
Email: smcanepal@gmail.com
Website: www.smca.com.np

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**तरकारी फलफूल वचत तथा ऋण सहकारी संस्था लिमिटेडको**
**शेयरधनी महानुभावहरु समक्ष,**
**आ.व. २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले श्री **तरकारी फलफूल वचत तथा ऋण सहकारी** संस्था लिमिटेडको यसै साथ संलग्न वित्तीय विवरण जसमा **२०८२ असार ३२** को वित्तीय अवस्थाको विवरण (Statement of Financial Position) र सो मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब र अन्य विस्तृत आम्दानी (Statement of Profit or Loss and Other Comprehensive Income), नगद प्रवाह विवरण (Cash flow Statement), इक्वीटीमा भएको परिवर्तन विवरण (Statement of Change in Equity) एवं प्रमुख लेखा नीति तथा लेखासम्बन्धीको टिप्पणीहरुको लेखापरिक्षण सम्पन्न गरेका छौ।

हाम्रो रायमा कैफियत सहितको राय व्यक्त गर्ने आधार (Basis of Qualified Opinion) अनुच्छेदमा उल्लेख भएको वित्तीय विवरणमा प्रभाव पार्ने व्यहोरा बाहेक संलग्न वित्तीय विवरणहरुले सारभूत रुपमा मिति **३२ आषाढ २०८२** को वित्तीय अवस्था, सो मितिमा समाप्त भएको वर्षको कारोबारको नतिजा र सोही वर्षको नगद प्रवाह नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम समुचित तथा यथार्थ चित्रण गर्दछ ।

**कैफियत सहित रायको आधार**

- वित्तीय सम्पत्ति अन्तर्गत कर्जा नोक्सानी व्यवस्था NFRS 9 मा तोकिए बमोजिम Expected Credit Loss Model (ECL) वा सहकारी विभागबाट जारी कर्जा नोक्सानी व्यवस्था मध्ये जून बढी हुन्छ त्यसैलाई गरिन्छ । संस्थाले कर्जा नोक्सानी व्यवस्था (ECL) अनुसार गणना गरेको पाइएन, जसले गर्दा मापदण्डसंगको व्यवस्थासंग तुलना गर्न सकिएन र यसले पर्ने कर्जा नोक्सानी व्यवस्थाको असर आँकलन गर्न सकिएन।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्डको परिच्छेद २ को मापदण्ड १.३ अनुरुप संस्थाले नियमित वचत गरिरहेका सदस्यलाई निजको वचत रकमको पाँच गुणा वा बढीमा तीन

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

लाखमध्ये जुन कम हुन्छ सो बराबरको रकममात्र विना धितो ऋण प्रवाह गर्न सक्ने नियामकिय व्यवस्था रहेकोमा संस्थाले कुल १८४ ऋणीहरुलाई विना धितो रु ७८११८६२६ ऋण प्रवाह गरेको देखियो ।

- यस संस्थाले आय विवरणमा आउने नाफा रकमबाट घर जग्गा कोष खडा गरी रु २९,६८,५०४ बराबरको रकम सो कोषमा जम्मा गरेको पाइयो तर संस्थाको विधान तथा विनियमहरुमा सो सम्बन्धमा कुनै व्यवस्था नरहेको पाईयो ।

**लेखापरीक्षकको मुख्य विषय (Key Audit Matters)**

लेखापरीक्षकको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरिक्षणमा सबैभन्दा महत्वपूर्ण छ। यि विषयहरु हाम्रो समग्र वित्तीय विवरणहरु लेखापरिक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यि विषयहरु छुट्टै राय व्यक्त गर्दैनौ ।

संस्था र लेखापरीक्षणका तथ्य र परिस्थितिहरुमा निर्भर गर्दै, हामीले हाम्रो प्रतिवेदनमा सञ्चार गर्न कुनै प्रमुख लेखापरीक्षण विषयहरु छैनन् भनी निर्धारण गरेका छौ ।

**अन्य विषय (Other Matter)**

लेखापरीक्षणका क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रण प्रणालीसंग सम्बन्धित कमीकमजोरी तथा सो निराकरणको लागि दिएका सुझावहरु व्यवस्थापन पत्र (Management Letter) तथा लामो फारम लेखापरिक्षण प्रतिवेदन (LFAR) प्रति यहाँहरुको ध्यानाकर्षण गर्दछौ ।

**वित्तीय विवरणहरु प्रतिको व्यवस्थापनको उत्तरदायित्व**

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नितीहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धि महत्वपूर्ण अनुमान गर्ने पर्दछन्। वित्तीय विवरणहरुप्रति उत्तरदायित्व संस्थाको व्यवस्थापनमा निहित रहन्छ ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

- **लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस सारभुत रुपमा त्रुटि रहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्‌देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रूटीहरू विद्‌यमान रहेको अवसमा समेत लेखापरिक्षण मान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभुत त्रूटीहरू सधै पहिचान हुन्छ भन्ने आश्वस्थता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग-अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तूति भनिन्छ । नेपाल लेखापरीक्षणमान अनूरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौ। क्रमश हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरूको लागि प्रभाबकारी लेखा परीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तब्य प्रदान गर्ने आधारका लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाइ समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजी वाट हुने सारभुत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धि राय व्यक्त गर्ने उद्‌देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरूको मूल्यांकन गर्दछौ ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरताको सिद्‌धान्तमा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरू संग सम्बन्धित सारभूत अनिश्चतताको कारणले संस्थाको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकांलेमा, लेखापरिक्षण प्रतिवेदनमा वित्तिय विवरणको सम्बन्धित खुलासा उपर

S.M.C.A. ASSOCIATES
CHARTERED ACCOUNTANTS
LALITPUR

ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरूले संस्था अविछिन्न निकायका रूपमा नरहन सक्दछ ।

- वित्तीय विवरणको समग्र प्रस्तुतिकरण ढांचा र खुलासा सहितको विषयवस्तू तथा अन्तरनिहित कारोबार एबम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गर्ने नगरेको मुल्यांकन गर्दछौं ।
- हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायतका संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउदछौ ।

**अन्य कानुनी तथा नियामक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन हामीबाट गरिएको लेखापरिक्षणका आधारमा देहायका बमोजिमको प्रतिवेदन पेश गर्दछौं :**

क) हामीले लेखापरिक्षणको सन्दर्भमा आवश्यक ठानेर सोधिएका तथा प्रतिबेदन जारी गरिएका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौं ।

ख) संस्थाको हिसाब किताब सहकारी ऐन २०७४ तथा सहकारी नियमावली तथा सहकारी विभागबाट जारी मापदण्डहरु बमोजिम तयार गरिएका छन । प्रस्तुत वित्तीय बिबरणहरु संस्थाले राखेको हिसाब किताबहरुसँग दुरुस्त छन् ।

ग) संस्थाले आफ्नो श्रेस्ता र हिसाब किताब प्रचलित कानुन तथा प्रचलन बमोजिम राखेको छ ।

घ) संस्थाबाट प्राप्त विवरणहरु लेखापरिक्षणका निमित्त पर्याप्त छन् ।

ङ) संस्थाबाट प्राप्त जानकारी, हामीलाई दिइएको स्पष्टिकरण र हामीले परिक्षंण गरेको श्रेस्ताबाट संचालक समिति अथवा कुनै पदाधिकारीले कानुनी व्यवस्थाहरु विपरित वा अनियमित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी गरे गराएको तथा सहकारी विभाग, सहकारी संस्थालाई जारी गरिएको निर्देशनको उलंघन गरी संस्था, निक्षपकर्ता तथा लगानी कर्ताको हित सुरक्षण विपरित कार्य गरेको जानकारी हुन आएन ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

च) कर्जा, सापटी तथा लगानीबाट प्राप्त हुने व्याज सहकारी विभागको निर्देशन अनुसार नगद प्राप्तिका आधारमा लेखांकन गरिएको छ ।

छ) संस्थाले गरेको कारोबार आफ्नो अख्तियारी भित्र रहेको र यी कारोबार सन्तोषजनक रुपमा भएको देखिन्छ ।

ज) संस्थाको सञ्चालक समिति वा कुनै सञ्चालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐनबिरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

सिए. अशेष अर्याल
पार्टनर
एस एम सि ए एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स
UDIN: 251228CA01519Lj8Qr
मितिः २०८२/०७/३०
स्थानः काठमाडौं

# तरकारी फलफूल बचत तथा ऋण सहकारी लिमिटेड

## वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आर्थिक वर्ष. २०८१/८२

### 1. संगठनात्मक जानकारी

तरकारी फलफूल बचत तथा ऋण सहकारी लिमिटेड, सहकारी ऐन २०७४ बमोजिम भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागमा दर्ता भई दर्ता नम्बर ५२३/०५६/५७ (मितिः २०५६/१०/२१) प्राप्त गरी आन्तरिक राजस्व विभागमा स्थायी लेखा नम्बर (PAN) ३०३४१४२०१ सहित दर्ता भएको छ। यस सहकारी संस्था विगत दुई दशकदेखि समुदायका व्यक्तिगत सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुर्याउन, आफ्ना सदस्यहरूको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न प्रतिबद्ध छ। यस संस्थाको मुख्य कार्यालय काठमाडौं म.न.पा. वडा नं १३ कालीमाटीमा अवस्थित छ भने बल्खु नगद सेवा काउन्टर वडा नं १४ मा रहेका छन्। यस सहकारी संस्थाको मुख्य उद्देश्य भनेको आफ्ना सदस्यहरूसँग बचत सङ्कलन, ऋण लगानी जस्ता वित्तीय लेनदेन गर्नुका साथै शिक्षा, तालिम, सूचना, सामाजिक कार्य जस्ता अन्य धेरै गैर-वित्तीय सेवाहरू प्रदान गर्नु हो। यस सहकारी संस्था आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतिको लागि सक्रिय छ।

### 2. लेखाङ्कनका आधार

#### 2.1 अनुपालन सम्बन्धी उद्घोषण

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान बोर्ड (ASB),नेपाल द्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गरिएको छ। सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैन। चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेमा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ।

#### 2.2 समिक्षा अवधि र वित्तीय विवरणको स्वीकृति

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्ष (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ।

यी वित्तीय विवरणहरू ३० कार्तिक २०८२ मा सञ्चालक समितिबाट जारी भइ ३० पौष २०८२ मा बस्ने २६ औं वार्षिक साधारण सभामा शेयरसदस्यहरूबाट अनुमोदनको लागि सिफारिस गरिएको थियो।

#### 2.3 कार्यात्मक र प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो। प्रस्तुत गरिएको वित्तीय जानकारीलाइ अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक नजिकको रुपैयाँमा शून्यान्त (राउन्ड अफ) गरिएको छ।

#### 2.4 अनुमान, पूर्वधारणा र स्वविवेक को प्रयोग

वित्तीय विवरणहरू तयार गर्नका लागि व्यवस्थापनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चको लेखाङ्कन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा अनुमान, पूर्वधारणा र स्वविवेक को प्रयोग आवश्यक पर्दछ। वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन्। विगतको अनुभव र अन्य कारकहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर पुनरावलोकन गरिन्छ, जसमा स्वभाविक देखिने भविष्यका घटनाहरूलाई पनि समावेश गरिन्छ। लेखा अनुमानहरूमा अनुमानमा भएको पुनरावलोकनलाई prospectively समायोजन गरिन्छ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

**2.5 लेखा नीतिहरूमा परिवर्तनहरू**

वित्तिय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ। लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ।

**2.6 छुट (Discounting)**

Time value of money को प्रभाव सारभूत भएमा सो रकमहरूलाई discounting गरी मापन गरिन्छ।

**3. महत्वपूर्ण लेखा नीतिहरू**

**3.1 मापनको आधार**

निम्न सारभुत वस्तुहरू बाहेक सहकारीको वित्तीय विवरणहरू लागत मूल्यको आधारमा तयार पारिएको छ,

| शीर्षकहरू | **मापनको आधार** |
|---|---|
| अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्वहरू | परिभाषित लाभ दायित्वहरूको वर्तमान मूल्यबाट योजना सम्पत्तिको उचित मूल्य घटाउने |
| कर्मचारीहरूलाई ऋण तथा सापट | उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम ) |
| धितोपत्रहरूमा लगानी | उचित मूल्य |

**3.2 वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू**

**पहिचान**

जब सहकारी वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ। सबै वित्तीय सम्पत्ति र दायित्वहरू शुरुवातमा बजार मुल्यमा मापन गरिन्छ। वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू (transaction costs) शुरुवातमा उचित मुल्यमा थपिन्छन्। तर नाफा वा नोक्सान (FVTPL) मार्फत उचित मुल्यमा मापन हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूमा मा लाग्ने लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

**वर्गीकरण र मापन**

वित्तीय सम्पत्ति र दायित्वहरू पछि वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्ने व्यापार मोडेल र वित्तीय सम्पत्तिहरूको अनुबंधात्मक नगद प्रवाह विशेषताहरूको आधारमा परिशोधित लागत वा बजार मुल्यमा मापन गरिन्छ।

**वित्तीय सम्पत्तिहरू**

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) ९ द्वारा आवश्यक अनुसार वित्तीय सम्पत्तिहरूलाई तीन वर्गमा वर्गीकृत गरिएको छ।

**क. परिशोधित लागत (Amortized cost) मा मापन गरिएको:**

करार अनुसार साँवा र ब्याजमात्र भुक्तानी हुने तथा करारको अवधिभर सो नगद प्रवाह प्राप्त गर्ने उदेश्यले खरिद गरिएका वित्तीय सम्पतिलाई परिशोधित लागत (amortized cost) मा मापन गरिन्छ। शुरुवातमा सम्पति पहिचान गरेपश्चात ति सम्पत्तिलाई प्रभावकारी ब्याज दर (EIR) विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिन्छ। यदि सम्पत्तिको मुल्यमा कुनै क्षयिकरण भएको छ भने, EIR को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने रकम नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

**ख. अन्य विस्तृत आम्दानी (OCI) मार्फत वास्तविक मूल्यमा मापन गरिएको (FVTOCI):**

वित्तीय सम्पत्तिहरू जुन एक व्यावसायिक मोडेल भित्र राखिन्छन् जसको उद्देश्य दुवै द्वारा प्राप्त गरिन्छ, वित्तीय सम्पत्तिहरू बेच्ने र सम्झौतागत नगद प्रवाहहरू सङ्कलन गर्ने जुन केवल मूलधन र ब्याजको भुक्तानी हो, पछि अन्य विस्तृत आय मार्फत वास्तविक मूल्यमा मापन गरिन्छ । वास्तविक मूल्यको उतारचढावहरू अन्य विस्तृत आय (OCI) मा पहिचान गरिन्छ ।

वित्तीय सम्पत्तिको बिक्री तथा सावाँ र ब्याज मार्फत नगद प्रवाहहरू सङ्कलन गर्ने दुवै उद्देश्यले व्यावसायिक मोडेल भित्र रहेका वित्तीय सम्पत्तिहरूको पछिल्लो लेखाङ्कन प्रभावकारी ब्याज दर (EIR) विधि प्रयोग गरेर अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा लेखाङ्कन गरिन्छ, (प्रभावकारी ब्याज दर (EIR) को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने नोक्सान, यदि कुनै छ भने, नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ

**ग.नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएको (FVTPL):**

सहकारीले, यदि सम्पत्तिहरू Trading गर्ने उदेश्यले राखिएको छ वा नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गर्ने नीति लिएको छ भने, ति सम्पत्तिहरू बजार मुल्यमा मापन गरिन्छ र बजार मुल्यमा भएको उतारचढावलाइ नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति र FVTOCI मा वर्गीकृत गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू FVTPL मा वर्गीकृत गरिएको छ ।

**वित्तीय दायित्वहरू**

वित्तीय दायित्वहरूलाई नेपाल वित्तीय प्रतिवेदन मान (NFRS ९) को आवश्यकता अनुसार दुई वर्गमा वर्गीकृत गरिएको छ:

**क. नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गरिएका (Financial liabilities at FVTPL):**

यदि दायित्वहरू Trading गर्ने उदेश्यले राखिएको छ वा नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गर्ने नीति लिएको छ भने, ति दायित्वहरू बजार मुल्यमा मापन गरिन्छ र बजार मुल्यमा भएको उतारचढावलाइ नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ । लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङकन गरिन्छ । बजार मुल्यमा भएको उतारचढ़ावलाइ नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

**ख. परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरू (Financial liabilities at amortized cost) :**

नाफा वा नोक्सान मार्फत बजार मुल्यमा मापन गरिएका बाहेक सबै वित्तीय दायित्वहरूलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको रूपमा वर्गीकृत गरिन्छ ।

**निसर्ग**

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाइं निसर्ग गर्दछ ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिंदा निसर्ग गरिन्छ ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

**उचित मूल्यको निर्धारण**

वित्तीय उपकरणको उचित मूल्य भनेको मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो ।

सहकारी संस्थाले उचित मूल्य निर्धारणका लागी निम्न तीन तहहरूको उचित मूल्य श्रेणीक्रम(Fair Value Hierarchy)) अनुसरण गर्दछ:

**तह(Level १)**: सक्रिय बजारमा समान सम्पत्ति वा दायित्वका लागि उपलब्ध सिधा उद्धृत (समायोजन नगरिएको) मूल्यहरू ।

**तह** (Level २): उचित मूल्य मापनका लागि प्रयोग गरिने महत्वपूर्ण इनपुटहरू जुन सिधा वा प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिने, वा समान उपकरणको सक्रिय बजार मूल्य वा समान प्रकारका उपकरणको निष्क्रिय बजार मूल्यहरू ।

**तह** (Level ३) : उचित मूल्य मापनमा अवलोकन गर्न नसकिने महत्तवपूर्ण इनपुटहरू प्रयोग भएको ।

**क्षयीकरण (Impairment) (NAS ३९ अनुसार जरुरी संशोधन)**

**आ.व. २०८०-८१ सम्म लागू हुने लेखा नीतिहरू**

**क्षयीकरण (Impairment)**

सहकारीले प्रत्येक रिपोर्टिङ मितिमा ऋण लगानीको समीक्षा गर्दछ र क्षयीकरणलाई नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको संख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । क्षयीकरणलाई निम्ननुसार व्यवस्था गरिएको छ:

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

**आर्थिक वर्ष २०८१-८२ देखि लागू हुने लेखा नीतिहरु**
**नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण -NFRS ९ अनुसार Expected Credit Loss को मापन**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS ९ ले प्रारम्भिक लेखाङ्कनपछि क्रेडिट गुणस्तरमा परिवर्तनको आधारमा क्षयीकरण (impairment)को लागि 'तीन-चरण' (three Stages) मोडेलको रूपरेखा प्रस्तुत गर्दछ । तर संस्थाले हाल राष्ट्रिय सहकारी प्राधिकरणद्वारा जारी मापदण्ड अनुरुप क्षयीकरण कायम गरेको छ ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

### 3.3 व्यापारिक सम्पत्तिहरू

• मुख्यतया निकट अवधिमा बिक्रीको उद्देश्यले प्राप्त गरिएका वित्तीय सम्पत्तिहरूलाई व्यापारिक सम्पत्ति (व्यापारको लागि राखिएको) को रूपमा वर्गीकृत गरिन्छ । सहकारीले प्रतिपक्षहरूसंग सम्झौता प्रवेश गरेको मितिमा व्यापारिक सम्पत्तिहरूको पहिचान गरिन्छ र सामान्यतया बेच्दा तिनीहरूको निसर्ग गरिन्छ। लेनदेन लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरि प्रारम्भ लेखाङ्कन उचित मूल्यमा मापन गरिन्छ। तिनीहरूको उचित मूल्यमा हुने पछिल्ला परिवर्तनहरूलाई 'खुद व्यापार आय' अन्तर्गत नाफा वा नोक्सानमा पहिचान गरिन्छ। यद्यपि, सहकारीसँग आषाढ २०८२ को अन्त्यमा व्यापारिक सम्पत्तिको रूपमा मान्यता पाउने त्यस्ता सम्पत्तिहरू छैनन् ।

### 3.4 सम्पत्ति, संयन्त्र तथा उपकरण

**पहिचान र मापन**: सम्पत्ति संयन्त्र तथा उपकरणहरू लागतमा संचित मूल्यह्रास र क्षयिकरण भएमा घटाई मापन गरिन्छ । लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरू समावेश हुन्छन् ।

**मूल्यह्रास**: सहकारी संस्थाले व्यवस्थापनको स्वविवेकमा आधारित मूल्यह्रास दरहरूलाई लागु गर्दै घट्दो दर diminishing balance विधि अपनाएर सम्पत्ति तथा उपकरणको मूल्यह्रास गर्दछ । सम्पत्ति तथा उपकरणका महत्त्वपूर्ण वस्तुहरूको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने दरहरू देहाय बमोजिम छन् :

| स.नं. | सम्पत्तिहरु | मूल्यह्रास दरहरू |
|---|---|---|
| १ | भवनहरू | ५ % |
| २ | कार्यालय उपकरण, फर्निचर र कम्प्युटरहरू | १० % |
| ३ | सवारी साधनहरू | २० % |
| ४ | अन्य सम्पत्तिहरू | १० % |
| ५ | सुरक्षित भल्टहरू | २.५ % |

सहकारी संस्थाले आफ्नो जग्गाको लागी पुनर्मूल्याङ्कन मोडेल अपनाएको छ । सामान्यतया एक व्यवसायिक मूल्याङ्कनकर्ताको रिपोर्टको आधारमा प्रत्येक दुई वर्षमा उचित मूल्यहरू निर्धारण गरिन्छ। सहकारीले सम्पत्ति संयन्त्र तथा उपकरणहरुको अन्य वर्गका लागि लागत मोडेल अपनाएको छ। सम्पत्ति, संयन्त्र तथा उपकरणका वस्तुहरू लागतमा संचित मूल्यह्रास र कुनै पनि संचित क्षयिकरण घटाई मापन गरिन्छ।

नयाँ खरिद गरिएको सम्पत्तिको मूल्यह्रास बीजकको मितिमा गणना गरिन्छ र लागत रु. १,००० भन्दा कम भएको सम्पत्तिलाई नाफा नोक्सान विवरणमा उक्त अवधिको लागि खर्चको रूपमा लेखिएको छ ।

### 3.5 ख्याति/अमूर्त सम्पत्तिहरू

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिकोरूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ । यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरू वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ।

ख्याति बाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अमूर्त सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ। यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।

सहकारी संस्थासँग अमूर्त सम्पत्तिको रूपमा हाल सफ्टवेयर रहेको छ र यसलाई घट्दो दर विधिमा २५% मा परिशोधन गरिन्छ ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

**3.6 बिक्रीको लागि राखिएका गैर-चालू सम्पत्तिहरू**

बिक्रीको लागि राखिएको गैर-चालू सम्पत्तिहरूमा सम्पत्ति संयन्त्र र उपकरणको रूपमा वर्गीकृत गरिएका बाहेक जग्गा वा जग्गा र भवनहरू र गैर-चालू सम्पत्तिहरू समावेश छन्। सामान्यतया, यसमा सहकारी संस्थाले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छ।

बिक्रीको लागि राखिएको गैर-चालू सम्पत्तिहरू यसको लागत रकम र उचित मूल्यबाट बिक्रीको अनुमानित लागत घटाई हुन आउने रकम मध्ये जुन कम जुन कम हुन्छ त्यसमा मापन गरिन्छ।

**3.7 आयकर**

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन्।

**चालु कर**

चालू कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी (OCI) मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित भइ इक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको बाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको आयकर खर्च हो। चालू कर भनेको चालू वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरू वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

**स्थगित कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन। स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने वखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ।

**3.8 जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू**

**निक्षेपः**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोवारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ। कारोवारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ।

**3.9 व्यवस्थाहरू, अन्य दायित्वहरू, संयोगिक (सम्भाव्य)दायित्वहरू**

कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ। लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ। व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

संयोगिक (सम्भाव्य) दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ ।

सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ । २०८२ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन् ।

**3.10 आयको पहिचान**

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ । आय बाँधनको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

**ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रिको लागी राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु , नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् ।

**नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको ब्याज आम्दानीमा निम्न तत्वहरु समावेश छन् :**

• क्षतिग्रस्त ऋण तथा सापट बाहेकका वित्तीय सम्पत्तिहरुको ब्याज परिशोधित लागतमा प्रभावकारी ब्याजदर प्रयोग गरि मापन गरिएको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरु समावेश छन् ।

• सहकारीले कुनै वित्तीय सम्पत्ति आंशिक वा पूर्ण रूपमा बदर नगरिएको अवस्थामा ती सम्पत्तिको कुल वहन मूल्यमा प्रभावकारी ब्याज दर प्रयोग गरेको छ ।

• उचित मूल्यमा मापन गरिएको लगानी धितोपत्रको ब्याज गणना प्रभावकारी ब्याजदरमा गरिन्छ ।

• सबै व्यापारिक सम्पत्तिहरूको ब्याज आम्दानीलाई खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ ।

• हालसम्म सक्रिय ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानी बाधिएको छ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**लाभांश आम्दानी**

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

**खुद व्यापारिक आम्दानी** 'व्यापारको लागि राखिएको' सम्पत्तिबाट उचित मूल्यको परिवर्तनबाट हुने सबै लाभ र नोक्सान, सम्वन्धित पूँजीगत लाभ/नोक्सान र लाभांश व्यापारिक आयमा समावेश गरिन्छ। व्यापारिक आयबाट व्यापारिक खर्च घटाइन्छ र खुद रकम नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

**अनुदान आय**

सहकारी संस्थाले खर्च बेहोर्ने उद्देश्यले प्राप्त आयसँग सम्बन्धित अनुदान खर्च पहिचान गर्ने अवधिमा व्यवस्थित आधारमा नाफा वा नोक्सान विवरणमा पहिचान गर्दछ। सम्पत्तिसँग सम्बन्धित अनुदानहरूलाई स्थगित अनुदान आयको रूपमा लेखाङ्कन गरिन्छ॥ स्थगित अनुदान आयलाई सम्पत्तिको उपयोगी जीवनमा सम्बन्धित सम्पत्तिमा लगाइएको मूल्यह्रासको अनुपातमा नाफा वा नोक्सान विवरणमा परिशोधन गरिन्छ।

**3.11 ब्याज खर्च**

निक्षेप लगायत परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई खर्च हुन साथ लेखाङ्कन गरिन्छ।

**3.12 कर्मचारी लाभहरू**

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्वन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्वन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ।

**पारिश्रमिक सहितका अल्पकालीन बिदाहरू**

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको भैपरी र पर्व बिदा, ७ दिनको अनिवार्य बिदा प्रदान गर्दछ। यी बिदाहरू संचित नहुने र निहित हुँदैनन्। यसका साथै, सहकारी संस्थाले आफ्नो उपनियम अनुसार ६० दिनको प्रसूति बिदा, १५ दिनको प्रसूति स्याहार बिदा र किया बिदा प्रदान गर्दछ।

**रोजगारी पछिका कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू (Defined contribution plans)**

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन। संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ।

**सामाजिक सुरक्षा कोष योगदान**

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो। श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो। सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

### परिभाषित लाभ योजनाहरू (Defined benefit plans)

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेक रोजगारी पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा सहकारी संस्थाको खुद दायित्व प्रत्येक योजनाको लागि कर्मचारीहरूले हाल र अघिल्लो अवधिमा आफ्नो सेवाको बदलामा कमाएको भविष्यको लाभको रकम अनुमान गरेर छुट्टाछुट्टै गणना गरिन्छ । त्यो लाभलाई यसको वर्तमान मूल्यमा निर्धारण गरिन्छ । कुनै पनि विगतको पहिचान नगरिएको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ । वर्तमान मुल्यमा गणना गर्नको लागि छुट दर (discounting rate)को प्रयोग गरिन्छ र छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने ब्याजको लाभ हो जसको परिपक्वता मिति सहकारी संस्थाको दायित्वको सर्तहरू संग लगभग नजिक हुन्छन् र उक्त ब्याज परिभाषित लाभ योजना भुक्तानी हुने मुद्रामा मूल्याङ्न गरिन्छ । परिभाषित लाभ दायित्वलाई प्रक्षेपित एकाइ क्रेडिट (projected unit credit विधि प्रयोग गरेर योग्य बीमाङ्कीयको रिपोर्टको आधारमा पहिचान गरिन्छ । सहकारी संस्थाले Other Comprehensive Income (OCI) मा तुरुन्तै परिभाषित लाभ योजनाहरूबाट उत्पन्न हुने सबै बीमांकीय लाभ र नोक्सानलाई पहिचान गर्दछ र सम्बन्धित सबै खर्चहरू नाफा र नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । जब गणनाले समूहको लागि सम्भावित सम्पत्तिमा परिणाम दिन्छ,पहिचान गरिएका सम्पत्तिहरू योजनाबाट भविष्यमा हुने कुनै पनि फिर्ता वा योजनामा भविष्यमा हुने योगदानमा कटौतीको रूपमा उपलब्ध आर्थिक लाभहरूको वर्तमान मूल्यमा सीमित हुन्छन् । आर्थिक लाभहरूको वर्तमान मूल्य गणना गर्दा लागू हुने न्यूनतम लगानी आवश्यकताहरूलाई विचार गरिन्छ ।

खुद परिभाषित लाभ दायित्वको मापनमा बीमाङ्कीय लाभ र नोक्सान समावेश भएको छ । योजना सम्पत्तिमा(Plan Assets) प्रतिफल (ब्याज आय बाहेक) र सम्पत्ति सीमाको प्रभाव (यदि ब्याज बाहेक कुनै छ भने) OCI मा तुरुन्तै पहिचान गरिन्छ । सहकारीले वार्षिक अवधिको सुरुमा परिभाषित लाभ दायित्व मापन गर्न प्रयोग गरिएको छुट दर तत्कालीन खुद परिभाषित लाभ दायित्व (सम्पत्ति) मा लागू गरेर अवधिको लागि खुद परिभाषित दायित्व (सम्पत्ति) मा खुद ब्याज खर्च (आय) निर्धारण गर्दछ, योगदान र लाभ भुक्तानीको परिणामस्वरूप अवधिमा खुद परिभाषित लाभ दायित्व (सम्पत्ति) मा भएको कुनै पनि परिवर्तनलाई ध्यानमा राख्दै खुद ब्याज खर्च र परिभाषित लाभ योजनाहरूसँग सम्वन्धित अन्य खर्चहरूलाई नाफा र नोक्सान विवरणमा कर्मचारी खर्चको रूपमा पहिचान गरिन्छ ।

### अन्य दीर्घकालीन कर्मचारी लाभहरू

अन्य दीर्घकालीन कर्मचारी लाभहरू भनेको छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरू हुन्। यस्ता लाभहरूको सम्बन्धमा सहकारीले खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गर्दछ। चालू र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त हुने भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई वर्तमान मूल्यमा निर्धारण गरिन्छ। कुनै पनि पहिचान नगरिएको विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ। छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने ब्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरूसँग लगभग नजिक हुन्छन् र उक्त ब्याज परिभाषित लाभ योजना भुक्तानी हुने मुद्रामा मूल्याङ्कन गरिन्छ। प्रक्षेपित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ। सहकारीले नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुनः मापनमा बीमाङ्कीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गर्दछ।

### 3.13 पट्टाहरू

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ। करार लागु हुने मितिमा सहकारीले सम्पत्तिको प्रयोगको अधिकार (Right-of-use asset) र पट्टा दायित्व (Lease liability) को पहिचान गर्दछ । त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरुलाई डिस्काउन्टिड गरिन्छ ।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

श्रावण १, २०८० देखि NFRS 16 "Leases" अनुसार पट्टा दायित्व (Lease liability) लाई भविष्यमा हुने पट्टा अन्तर्गतका भुक्तानीहरुको डिस्काउन्टिङ गरी वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ। सो अनुरुप गत बर्षका मूल्यहरु पनि समायोजन गरिएको छ।

नाफा वा नोक्सानको विवरणमा गत बर्ष संचालन पट्टा खर्चलाई अन्य संचालन खर्चको रुपमा लेखाङ्कन गरिएकोमा यस बर्ष सम्पत्तिको प्रयोगको अधिकारको ह्रास खर्च र पट्टा दायित्वको ब्याज खर्चको रुपमा लेखाङ्कन गरिएको छ। पट्टा दायित्वको मूल्याङ्कन गर्न वृद्धिशील ऋण दरको निमित्त १० प्रतिशतको दर लिइएको छ।

पट्टा दायित्वको मापनमा समावेश गरिएको पट्टा भुक्तानीहरू समावेश छन् :

- निश्चित पट्टा भुक्तानीहरू (कागजतामा निश्चित भुक्तानीहरू सहित), प्राप्त गर्न सकिने कुनै पनि पट्टा प्रोत्साहनहरू बाहेक;
- सुरुवात मितिमा सूचकांक वा दर प्रयोग गरेर मापन गरिएको, सूचकांक वा दरमा निर्भर परिवर्तनशील पट्टा भुक्तानीहरू,
- अवशिष्ट (Residual) मूल्य ग्यारेन्टी अन्तर्गत पट्टा लिने व्यक्तिले भुक्तानी गर्नुपर्ने अपेक्षा गरिएको रकम,
- यदि भाडामा लिने व्यक्तिले विकल्प प्रयोग गर्ने कुरा वास्तविक रूपमा निश्चित छ भने, खरिद विकल्पहरूको मूल्य र
- यदि पट्टा अवधिले पट्टा समाप्त गर्ने विकल्पको अभ्यासलाई प्रतिविम्बित गर्दछ भने, पट्टा समाप्त गरेबापत जरिवानाको भुक्तानी।

पछि पट्टा दायित्व मा ब्याज प्रतिबिम्बित गर्ने रकम बढाएर (प्रभावकारी ब्याज विधि प्रयोग गरेर) र पट्टा भुक्तानी प्रतिबिम्बित गर्ने रकम घटाएर पट्टा दायित्व मापन गरिन्छ।

सहकारी संस्थाले पट्टा दायित्वको पुनः मापन गर्छ (र सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित समायोजन गर्छ) जब:

- भाडा अवधि परिवर्तन भएको छ वा खरिद विकल्पको अभ्यासको मूल्याङ्कनमा परिवर्तन भएको कुनै महत्त्वपूर्ण घटना वा परिस्थितिमा परिवर्तन भएको छ, यस्तो अवस्थामा संशोधित छुट दर प्रयोग गरेर संशोधित भाडा भुक्तानीहरूमा छुट दिएर भाडा दायित्व पुनः मापन गरिन्छ।
- सूचकांक वा दरमा परिवर्तन वा ग्यारेन्टी गरिएको अवशिष्ट मूल्य अन्तर्गत अपेक्षित भुक्तानीमा परिवर्तनको कारणले गर्दा पट्टा भुक्तानीहरू परिवर्तन हुन्छन्, जसमा अपरिवर्तित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर पट्टा दायित्व पुनः मापन गरिन्छ (तर जब पट्टा भुक्तानी परिवर्तन फ्लोटिंग ब्याज दरमा परिवर्तनको कारणले हुन्छ, जुन अवस्थामा संशोधित छुट दर प्रयोग गरिन्छ)।
- पट्टा सम्झौता परिमार्जन गरिन्छ र पट्टा परिमार्जनलाई छुट्टै पट्टाको रूपमा गणना गरिँदैन, यस्तो अवस्थामा पट्टा दायित्व परिमार्जनको प्रभावकारी मितिमा संशोधित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर परिमार्जित पट्टाको पट्टा अवधिको आधारमा पुनः मापन गरिन्छ।

प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित पट्टा दायित्वको प्रारम्भिक मापन, सुरु हुने दिनमा वा अगाडि गरिएको पट्टा भुक्तानी, प्राप्त कुनै पनि पट्टा प्रोत्साहन र कुनै पनि प्रारम्भिक प्रत्यक्ष लागतहरू समावेश छन्। तिनीहरूलाई पछि लागतमा संचित मूल्यह्रास र क्षयिकरण नोक्सानीमा घटाई मापन गरिन्छ।

जब सहकारी संस्थाले भाडामा लिइएको सम्पत्ति भत्काउन र हटाउन, यो अवस्थित साइटलाई पुनर्स्थापित गर्न वा भाडाको सर्तहरू र नियमहरू द्वारा आवश्यक अवस्थामा अन्तर्निहित सम्पत्तिलाई पुनर्स्थापित गर्न लागतको लागि दायित्व वहन गर्दछ, NAS ३७ अन्तर्गत एक प्रावधान पहिचान गरिन्छ र मापन गरिन्छ। लागतहरू प्रयोगको अधिकार सम्पत्तिसँग सम्बन्धित हदसम्म, लागतहरू सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा समावेश गरिन्छ, जबसम्म ती लागतहरू वस्तु उत्पादन गर्न खर्च गरिएको हुँदैन।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

### 3.14 शेयर पूँजी र कोषहरु

**शेयर पूँजी** नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS ३२ वित्तीय उपकरणहरू-प्रस्तुतिको (NAS-32-Financial Instrument Presentation) अनुच्छेद १६A र १६B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने puttable instrument उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ। नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ।

इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोहि अवधिमा इक्विटीमा पहिचान गरिन्छ।

**वैधानिक कोषहरू**

यस कोषमा कानूनद्वारा कायम रकम समावेश हुन्छ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ। स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ।

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ। यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ।

**अन्य कोषहरू**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभांश कोष | ७० % |
| सहकारी विकास कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| स्थिरीकरण कोष | ५ % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| **जम्मा** | १०० % |

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

### 3.15 प्रति शेयर आम्दानी (EPS)

सहकारी संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत (BEPS) र diluted प्रति शेयर आम्दानी (DEPS) तथ्याङ्क प्रस्तुत गर्दछ। आधारभूत EPS सहकारीको साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सानलाई अवधिभर बाँकी रहेको साधारण शेयरको भारित औसत संख्याले भाग गरेर गणना गरिन्छ। Diluted EPS सबै सम्भावित dilutive साधारण शेयरहरूको प्रभावको लागि साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सान र बाँकी रहेको साधारण शेयरको भारित औसत संख्या दुवै समायोजन गरेर निर्धारण गरिन्छ।

## ५. खुलासा र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

सहकारी संस्थाको व्यवसायीक कियाकलापमा जोखिम निहित रहेको हुन्छ। विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ। ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ। यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ। त्यसैले, सहकारी संस्थाले बर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ। प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्वन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ। लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ।

**लेखा सुपरिवेक्षण समितिः**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ। समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ। यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्को समय-समयमा समीक्षा गर्दछ। यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ। लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन्

| स.न. | नाम | पद |
|---|---|---|
| १ | कृष्ण प्रसाद आर्चाय | संयोजक |
| २ | सुमन श्रेष्ठ | सदस्य |
| ३ | पर्वती खकुराल | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ। सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ। सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अर्न्तगतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ।

### तरलता जोखिम

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो। यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ। सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ। भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन्। तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन्। त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

### ब्याजदर जोखिम

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो। सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ।

### कर्जा जोखिम

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो। कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो। ऋणीले ऋण लिंदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ। त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ। लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ। ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ। जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितोमा लिएको ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/रहने दर

**संस्थागत वा रणनीतिक जोखिम**

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ। सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ। लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ। आन्तरिक लेखा परीषण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभित्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ। सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ। यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ। दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ। रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन्। रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ। अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ। रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ।

**५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य**

उचित मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन। केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ। अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ। यद्यपि, दुवै अवस्थामा उचित मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो। (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य)।

तलको पदानुक्रम अनुसार उचित मूल्यहरू निर्धारण गरिन्छ:

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

**स्तर १-**

स्तर १ इनपुटहरू सक्रिय बजारहरूमा सूचिकृत मूल्यहरू (समायोजित नगरिएका) हुन् जुन समान सम्पत्ति वा दायित्वहरूको लागि मापन मितिमा संस्थाले पहुँच गर्न सक्छ। व्यापारको लागि राखिएको र बिक्रीको लागि उपलब्ध लगानीहरू स्तर १ इनपुटहरू प्रयोग गरेर रेकर्ड गरिएको छ।

**स्तर २-**

स्तर २ इनपुटहरू स्तर १ भित्र समावेश गरिएका सूचिकृत मूल्यहरू बाहेकका इनपुटहरू हुन् जुन सम्पत्ति वा दायित्वको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अवलोकन गर्न सकिन्छ।

**स्तर ३-**

स्तर ३ इनपुटहरू सम्पत्ति वा दायित्वको लागि अवलोकन गर्न नसकिने इनपुटहरू हुन्।

**५.३ सम्बन्धित पक्षको खुलासा**

**संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्वद्ध पक्षको रूपमा पहिचान गरिएको छ।

नेपाल लेखामान (NAS २४) अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क.स.. | नाम | पद | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | दुर्गालाल श्रेष्ठ | अध्यक्ष | २०७८.०७.३० | |
| २ | हरिकृष्ण धेके | सचिव | २०७८.०७.३० | |
| ३ | कल्पना कुमारी चौलागाई | सदस्य | २०७८.०७.३० | |
| ४ | ऋषिराम खतिवडा | सदस्य | २०७८.०७.३० | |
| ५ | राजन प्रसाद पराजुली | सदस्य | २०७८.०७.३० | |
| ५ | सर्मिला श्रेष्ठ | सदस्य | २०७८.०७.३० | |
| ६ | बिम्वा छिरिङ दोर्जे थिङ | सदस्य | २०७८.०७.३० | |
| ७ | कृष्ण प्रसाद आर्चाय | ले.सु.स.संयोजक | २०७८.०७.३० | |
| ८ | सुमन श्रेष्ठ | ले.सु.स. सदस्य | २०७८.०७.३० | |
| ९ | पार्वती खकुराल | ले.सु.स.सदस्य | २०७८.०७.३० | |
| १० | सृष्टी श्रेष्ठ | व्यवस्थापक | २०८०.०७.०१ | |

**संचालकहरु र प्रमुख कार्यकारी अधिकृत कर्मचारीहरूसँगको कारोबार र भुक्तानी**

सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | चालु वर्ष |
|---|---|
| बैठक भत्ता | ७,९५,००० |
| सञ्चार र इन्धन सुविधाहरू | २,५३,८४६ |
| **कुल** | **१०,४८,८४६** |

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

प्रमुख कार्यकारी अधिकृत (व्यवस्थापक)को पारिश्रमिक र सुविधाहरू

| विवरण | चालु वर्ष |
|---|---|
| आधारभूत तलब | ३५२०० |
| ग्रेड | १ |
| भत्ताहरू | १५००० |
| सञ्चय कोष र सामाजिक सुरक्षा कोष योगदान | ११२७५ |
| चाँडपर्व खर्च | ३५२०० |
| संचित बिदा भुक्तानीहरू | १७३५९ |
| पोशाक भत्ता | १0000 |
| सवारी साधन सुविधा | स्कुटर |

माथिका अतिरिक्त बाहेक, सहकारीले सहकारीको वित्तीय नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ।

**५.४ खण्ड विश्लेषण (Segment Analysis)**

सहकारी संस्थाको सञ्चालन केन्द्रीय रूपमा प्रधान कार्यालयबाट नै हुने गर्दछ। सबै रणनीतिक, वित्तीय र सञ्चालन नीतिहरू र सञ्चालनहरू प्रधान कार्यालयबाट नियन्त्रित र निर्देशित हुन्छन्। यद्यपि यसको एकल क्षेत्राधिकार छ। सहकारीको व्यवस्थापनको लागि सहायक समर्थन सेवाहरू द्वारा समर्थित विभिन्न प्रकारका सञ्चालनहरूमा आधारित छ।

**५.५ मर्जर र प्राप्ति**

सहकारी संस्थाले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन।

**५.६ गैर-समावेशित संस्थाहरूको थप खुलासा**

सहकारी संस्थाको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन्। त्यसैले, थप खुलासा आवश्यक छैन।

**५.७ रिपोर्टिङ मिति पछिका घटनाहरू**

NAS १० "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि घटेका छैनन्।

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

# तरकारी फलफुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## वित्तीय स्थितीको विवरण (वासलात)

२०८२ साल आषाढ मसान्त सम्मको

*रकम(रु)*

| विवरण | नोट | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (संशोधित) | ३१ आषाढ २०८० (संशोधित) |
|---|---|---|---|---|
| **सम्पति** | | | | |
| नगद तथा नगद सरह | 4.1 | ९३,७२३,३८८ | १२०,२८०,२५७ | १०३,०९२,५१७ |
| बैंक तथा वित्तीय सस्थामा रहेको मौज्दात | 4.2 | १५५,०००,००० | १४०,०००,००० | ८५,०००,००० |
| सदस्यहरूलाइ ऋण तथा सापट | 4.3 | ५७१,६८०,६५२ | ४७२,७३०,४०२ | ४४०,३०३,९९४ |
| कर्मचारीलाइ ऋण तथा सापट | 4.4 | १,१४४,६६० | २,०८४,६०५ | १,८२७,५४५ |
| वित्तीय लगानी हिसाब | 4.5 | २,७१२,००० | २,७१२,००० | २,७१२,००० |
| चालु कर सम्पत्ति | 4.6 | ५,३४८,१४८ | ९१५,१५२ | - |
| बिक्रीको लागि राखिएको गैर चालु सम्पत्ति | 4.7 | - | - | - |
| सम्पत्ति, संयन्त्र तथा उपकरण | 4.8 | २,२८९,३०९ | २,४८०,५३७ | १,४४८,१३० |
| सम्पत्ति प्रयोग गर्ने अधिकार | 4.9 | - | - | - |
| ख्याती तथा अमूर्त सम्पत्ति | 4.10 | ४१७,४२८ | ८४,०८२ | ९८,७४१ |
| अन्य सम्पत्ति | 4.12 | २,६३१,०६५ | २,६०७,७१२ | २,३६३,७३३ |
| **कुल सम्पत्ति** | | **८३४,९४६,६५०** | **७४३,८९४,७४६** | **६३६,८४६,६६०** |

| विवरण | नोट | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (संशोधित) | ३१ आषाढ २०८० (संशोधित) |
|---|---|---|---|---|
| **दायित्वहरु** | | | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | 4.13 | ६१९,६४०,९८० | ५३६,६६८,६४६ | ४४६,५३२,३३५ |
| कर्जा सापटी | | - | - | - |
| कर्मचारी लाभहरूको लागि व्यवस्था | | - | - | - |
| चालु कर दायित्व | | | | १३१,४१० |
| स्थगन कर दायित्व | 4.11 | ६५०,१७४ | ५१८,५६७ | ६५८,४९८ |
| स्थगित अनुदान आय | | - | - | - |
| पट्टा दायित्व | 4.9 | - | - | - |
| अनुदान दायित्वहरू | | - | - | - |
| अन्य दायित्व | 4.14 | २,३९३,६७३ | २,७०६,०८३ | २,९०५,११३ |
| **कुल दायित्व** | | **६२२,६८४,८२६** | **५३९,८९३,२९७** | **४५०,२२७,३५६** |
| **पुँजी** | | | | |
| शेयर पुँजी | 4.15 | ८०,७२९,३०० | ७२,६००,१०० | ६९,५०५,३०० |
| साधारण जगेडा कोष | 4.16 | ९३,०१५,८७९ | ८६,२५३,११९ | ७७,०४४,९२२ |
| सरंक्षित पुँजी फिर्ता कोष | | ३,२८४,३८३ | ६,३५८,४९२ | ५,६७०,५०८ |
| अन्य वैधानिक कोषहरु | 4.17 | २९,३२७,९१० | ३३,१०३,०८६ | २९,१३९,४२२ |
| अन्य कोषहरु | 4.18 | ५,९०४,३५३ | ५,६८६,६५३ | ५,२५९,१५३ |
| पुनमूल्याङ्कन कोष | | - | - | - |
| संचित मुनाफा | | - | ०।०० | - |
| **कुल पुँजी** | | **२१२,२६१,८२४** | **२०४,००१,४४९** | **१८६,६१९,३०५** |
| **कुल पुँजी तथा दायित्व** | | **८३४,९४६,६५०** | **७४३,८९४,७४६** | **६३६,८४६,६६०** |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

| श्रृष्टी श्रेष्ठ | हरिकृष्ण धेके | दुर्गालाल श्रेष्ठ | सि.ए. अशोष अर्याल |
|---|---|---|---|
| व्यवस्थापक | सचिव | अध्यक्ष | साझेदार |
| | | | एस.एम.सि.ए एसोसिएट्स |

मिति : २०८२.०७.३०

स्थान : काठमाडौं

S.M.C.A. ASSOCIATES
CHARTERED ACCOUNTANTS
LALITPUR

## तरकारी फलफुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### नाफा नोक्सान विवरण
श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम(रु)*

| विवरण | नोट | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ (संशोधित) |
|---|---|---|---|
| ब्याज आम्दानी | 4.21 | 63,244,095 | 71,100,821 |
| ब्याज खर्च | 4.22 | (31,452,297) | (34,370,781) |
| **खुद ब्याज आम्दानी** | | **31,791,798** | **36,730,040** |
| बिक्रि तथा अन्य सञ्चालन आम्दानी | 4.23 | 5,990,130 | 5,326,668 |
| बिक्रिको लागत तथा अन्य प्रत्यक्ष खर्च | | - | - |
| **खुद बिक्रि तथा अन्य सञ्चालन आम्दानी** | | **5,990,130** | **5,326,668** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **37,781,928** | **42,056,708** |
| खुद व्यापार आम्दानी | | - | - |
| अन्य सञ्चालन आम्दानी | 4.24 | 133,622 | - |
| **जम्मा सञ्चालन आम्दानी** | | **37,915,550** | **42,056,708** |
| कर्जाको क्षयिकरण/(कर्जा तथा अन्य हानीको फिर्ता) | 4.25 | (2,456,114) | 9,690,130 |
| **खुद सञ्चालन आम्दानी** | | **35,459,436** | **51,746,838** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी लाभ खर्च | 4.26 | (7,643,043) | (7,951,702) |
| अन्य सञ्चालन खर्च | 4.27 | (6,468,309) | (6,064,647) |
| ह्रासकट्टि, परिशोधन तथा क्षयिकरण खर्च | 4.28 | (763,941) | (655,865) |
| **सञ्चालन नाफा** | | **20,584,144** | **37,074,624** |
| गैर संचालन आम्दानी | | - | - |
| गैर संचालन खर्च | | - | - |
| **आयकर अघिको नाफा** | | **20,584,144** | **37,074,624** |
| आयकर खर्च | | | |
| चालू कर | 4.29 | (2,313,685) | (4,809,735) |
| स्थगन कर खर्च/(आम्दानी) | 4.29 | (131,606) | 139,931 |
| **यस अवधिको नाफा** | | **18,138,853** | **32,404,820** |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभुत प्रति शेयर आम्दानी (Basic EPS) | | 22.47 | 44.63 |
| डाइलूटेड प्रति शेयर आम्दानी (Diluted EPS) | | 22.47 | 44.63 |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

| | | | |
|---|---|---|---|
| **सृष्टी श्रेष्ठ** | **हरिकृष्ण धेके** | **दुर्गालाल श्रेष्ठ** | **सि.ए. अशोष अर्याल** |
| व्यवस्थापक | सचिव | अध्यक्ष | साझेदार |
| | | | एस.एम.सि.ए एसोसिएट्स |

मिति : २०८२.०७.३०

स्थान : काठमाडौं

S.M.C.A. ASSOCIATES
CHARTERED ACCOUNTANTS
LALITPUR

# तरकारी फलफुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## अन्य विस्तृत आम्दानीको विवरण

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

रकम(रु)

| विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ (संशोधित) |
|---|---|---|
| यस वर्षको नाफा | 18,138,853 | 32,404,820 |
| आयकर पछिको अन्य विस्तृत आम्दानी (Other Comprehensive Income) | | |
| क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने | | |
| उचित मूल्य (FVTOCI) मा मूल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानी | - | - |
| सम्पत्ति संयन्त्र तथा उपकरणको पुनः मूल्याङ्न बाट भएका नाफा/(नोक्सान) | - | - |
| परिभाषित लाभ योजनाबाट बिमाङ्कित नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | - | - |
| नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी | - | - |
| ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिने वा गर्न योग्य | | |
| नगद प्रवाह हेजिङबाट भएको नाफा/(नोक्सान) | | |
| सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको खुद सम्पत्तिको रुपान्तरणमा भएको) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | | |
| नाफा/(नोक्सान) पुनः वर्गिकरण | | |
| नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक अन्य विस्तृत | - | - |
| ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश | | |
| यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी (Other | - | - |
| जम्मा विस्तृत आम्दानी | 18,138,853 | 32,404,820 |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

| श्रृष्टी श्रेष्ठ | हरिकृष्ण धेके | दुर्गालाल श्रेष्ठ | सि.ए. अशोष अयलि |
|---|---|---|---|
| व्यवस्थापक | सचिव | अध्यक्ष | साझेदार<br>एस.एम.सि.ए एसोसिएट्स |

मिति : २०८२.०७.३०

स्थान : काठमाडौं

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

## तरकारी फलफुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### नाफा/नोक्सान बाँडफाँड हिसाब
श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

रकम(रु)

| विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ |
|---|---|---|
| यस आ.व.को नाफा/नोक्सान | 18,138,853 | 32,404,820 |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | - | - |
| **जम्मा** | **18,138,853** | **32,404,820** |
| सञ्चित मुनाफा मौज्दात | 0 | - |
| NFRS समायोजन | (622,143) | 559,723 |
| स्थगित अनुदान | - | - |
| **बाँड फाँड योग्य नाफा** | **17,516,709** | **32,964,544** |
| साधारण जगेडा कोष | 4,379,177 | 8,477,990 |
| **साधारण जगेडा कोष पछिको रकम** | **13,137,532** | **24,486,554** |
| संरक्षित पुँजी फिर्ता कोष | 3,284,383 | 6,358,492 |
| सहकारी प्रवर्धन कोष | 65,688 | 127,170 |
| **अन्य कोषहरुमा वितरण योग्य रकम** | **9,787,461** | **18,000,892** |
| सेयर लाभांश कोष | 6,851,223 | 12,316,400 |
| सहकारी शिक्षा कोष | 489,373 | 947,415 |
| घाटापूर्ति कोष | 489,373 | 947,415 |
| सहकारी विकास कोष | 489,373 | 947,415 |
| सदस्य हित कोष | 489,373 | 947,415 |
| स्थिरीकरण कोष | 489,373 | 947,415 |
| अन्य जोखिम बेहोर्ने कोष | 489,373 | 947,415 |
| **जम्मा** | - | - |

S.M.C.A. ASSOCIATES CHARTERED ACCOUNTANTS LALITPUR

